# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक १४४ | काठमाडौं | शुक्रबार, २८ भदौ २०८१ | Prabhab National Daily | Friday, September 13, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


# फुटको डिलमा नेकपा एस

- पदाधिकारी र पोलिटब्युरो चुनावपछि पार्टीमा असन्तुष्टि बढ्यो
- नेपाल नेतृत्वको पार्टीमा चेन अफ कमाण्ड नभएको विवाद अझै बल्झियो
- सांसदहरू अम्मरबहादुर थापा, प्रेम आले, किसान श्रेष्ठ, धनबहादुर बुढालगायतबाट पार्टी बैठक बहिस्कार

■ जेबी योञ्जन



**काठमाडौं–** माधवकुमार नेपाल नेतृत्वको नेकपा (एकीकृत समाजवादी) पदाधिकारी र पोलिटब्युरोको चुनावपछि फुटउन्मुख छ । पार्टीका थुप्रै प्रभावशाली नेताहरू चुनावपछि निष्क्रिय भएका छन् । पार्टीमा रहन नसक्ने अभिव्यक्तिहरू उनीहरूबाट आइरहेका छन् । पार्टीको बैठकहरूमा सहभागी हुनसमेत छाडेका छन् ।

कर्णालीको अघिल्लो संसदमा 'फ्लोर क्रस' गर्नेमध्येका एक जना नेता अम्बरबहादुर थापा लगातार पार्टी केन्द्रीय कमिटी बैठक बहिष्कार गर्दै आएका नेता हुन् । हाल नेकपा एसबाट प्रतिनिधिसभा सदस्य रहेका उनले प्रभावसँग भने, 'मलाई उपमहासचिवमा चुनाव लड्नु भन्ने अध्यक्ष कमरेड नै हो । तर, चिट बाँडेर मलाई हराए । त्यसदिनदेखि म पार्टीको कुनै बैठकमा गएको छैन । जाँदिनँ पनि ।'

पार्टी चेन अफ कमाण्डमा नचलेको र स्वेच्छाचारिता हाबी भएको भन्दै सांसद थापा रुष्ट छन् । उनले भने, 'यस्तै हालतमा पार्टी आइपुग्छ भन्ने थाहा भएको भए कर्णाली संसदमा फ्लोर क्रस गर्ने थिइनँ । आज सम्झिँदा पश्चताप लाग्छ ।'

पार्टीमा निष्क्रिय नेता थापा एक्ला होइनन् । ९ भदौ २०७८ मा निर्वाचन आयोगमा पार्टी दर्ताका लागि निवेदन दिन नेपाललाई डोहोऱ्याउँदै लगेकी नेतृ रामकुमारी झाँक्रीदेखि पूर्वउपाध्यक्ष केशवलाल श्रेष्ठ, पूर्वउपमहासचिव डा. विजय पौडेल, नेता जीवनराम श्रेष्ठ, धर्मनाथ साहलगायत असन्तुष्ट छन् । अर्का सांसद मेटमणि चौधरीसमेत पार्टी नेतृत्वमाथि प्रश्न उठाउँदै आएका छन् ।

सांसद थापाको जस्तै उनीहरू पनि नेपालको सचिवालयबाट चिट गएको र सोही कारण हारिएको भन्दै गुनासो गर्दै आएका छन् । व्यक्त उनीहरूका अभिव्यक्तिलाई आधार मान्दा उनीहरू नेकपा एसमा रहँदैनन् । पूर्ववर्ती दल नेकपा एमालेतिर जाने देखिन्छ । उनीहरू पार्टी नेतृत्वसँग सम्पर्कमा छैनन् । केही सांसद त पदाधिकारी र पोलिटब्युरोको चुनाव प्रक्रियामै सहभागी भएनन् ।

त्यसमध्येमा सांसदहरू प्रेमबहादुर आले, कृष्णकुमार श्रेष्ठ (किसान) र धनबहादुर बुढा पर्छन् । आले महाधिवेशन प्रक्रियामै सहभागी भएनन् । किसान एक दिन महाधिवेशनमा गएका थिए । त्यसपछि गएनन् । पार्टी कार्यालयसमेत उनी नआउने गरेको एक नेताले बताए । पार्टी अध्यक्ष नेपालसँग उनको तीब्र असन्तुष्टि छ ।

सांसद बुढा माओवादी अध्यक्ष दाहाल सरकारमा सहरी विकासमन्त्री भएका थिए । ठेकेदार पृष्ठभूमिका बुढा मन्त्री हुँदा उनलाई आलोकनगरस्थित पार्टी केन्द्रीय कार्यालयको भाडा तिर्न भनिएको थियो । तर, उनले कुनै पनि महिनाको भाडा नतिरेको स्रोतले जनाएको छ । पार्टीसँग उनको सम्बन्ध विच्छेदजस्तै भएको छ ।

असन्तुष्टमध्येका सांसद श्रेष्ठले भने, 'आफ्नो पद सुरक्षित गर्ने र अरुलाई भिडाउनेमा नेताहरू लाग्नुभयो । यसले स्वाभाविक रूपमा असन्तुष्टि सिर्जना गरेको छ ।' सांसद आलेलाई भने पार्टी केन्द्रीय कमिटीबाटै नेकपा एसले हटाएको छ । उनी डोटीबाट निर्वाचित सांसद हुन् । 'मलाई अब पार्टीप्रति रुचि छैन । जनताप्रति उत्तरदायी हुने हो, स्वतन्त्र भएर जनताको काम गर्ने हो,' आलेको भनाइ छ ।

यद्यपि दशौं महाधिवेशनपछि सत्ता समीकरण परिवर्तन हुँदा आलेले एकीकृत समाजवादीकै निर्णय पालना गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीको विपक्षमा मतदान गरे । तर, पार्टीको भूमिका र गतिविधिमा उनी संलग्न छैनन् । उनी पार्टीबाट हटाइएको छ । किसान र धनबहादुरलाई भने अध्यक्ष नेपालले केन्द्रीय सदस्यमा मनोनीत गरेका छन् ।

हाल पार्टीमा ३४४ सदस्यीय केन्द्रीय कमिटी बनेको छ, जहाँ श्रेष्ठ र बुढा छन् । यद्यपि, पदाधिकारी र पोलिटब्युरो चुनावमा दुवै नेता सहभागी भएनन् । सांसद बुढा अर्का सांसद प्रेम आलेनिकट छन् । श्रेष्ठ माधवसँग निकटस्थ थिए । तर, पछिल्ला दिनमा उनको सम्बन्ध नेपालसँग बिग्रिएको छ । उनले भने, 'सही तरिकाले महाधिवेशन भएन । अध्यक्ष हुनुपर्नेले सर्वसहमत अध्यक्ष भए, सम्मानित नेता र महासचिव पनि सर्वसहमत गरियो । राजेन्द्र पाण्डेलाई निर्विरोध वरिष्ठ उपाध्यक्ष बनाइयो, तर अरुको सन्दर्भमा चुनाव लडाउने काम भयो । हराउने काम भयो ।'

नेपालको दल नेकपा एस ४ मंसिर २०७९ मा भएको चुनावमा ३ प्रतिशत थ्रेसहोल्ड पार गर्न नसकेको दल हो । प्रतिनिधिसभामा १० सिट रहेको यो दलमा विभाजनको शृङ्खला बढेको छ । नेता कार्यकर्ता राजनीतिक सुरक्षा खोजिरहेका छन् । असन्तुष्टि बढेपछि आफ्नो पार्टीमा भित्र्याउन संसद अधिवेशन अन्त्य गरेर प्रधानमन्त्रीसमेत रहेका एमाले अध्यक्ष केपी शर्मा ओलीले केही दिन राजनीतिक दलसम्बन्धी अध्यादेश ल्याउन चाहेका थिए ।

(क्रमशः पृष्ठ २ मा)

# सम्पत्ति शुद्धीकरणको दायरामा कर्मचारी

- इन्जिनियर सरोज भट्टराईविरूद्ध सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा मुद्दा दायर
- एक करोड ८५ लाख बिगो मागदावी

■ प्रभाव संवाददाता




**काठमाडौं–** अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पहिलोपटक सार्वजनिक पद धारण गरेका कर्मचारीविरूद्ध सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दा दायर गरेको छ । गैरकानुनी धनआर्जन गरी सम्पत्ति शुद्धीकरण गरेको कसुरमा अख्तियारले लुम्बिनी विकास कोषका तत्कालीन योजना प्रमुख इन्जिनियर सरोज भट्टराईविरुद्ध मुद्दा दायर गरेको हो ।

उनी यस प्रकरणको मुख्य अभियुक्त हुन् । उनकी आमा जनकनन्दनी भट्टराई मतियार भएको आरोपपत्रमा उल्लेख छ । दुवै जना विरुद्ध १ करोड ८५ लाख रूपैयाँ बिगो कायम गरी विशेष अदालतमा बिहीबार अख्तियारले मुद्दा दायर गरेको हो ।

भट्टराईले ठेकेदारबाट टेण्डर मिलाइदिए वापत एक करोड ८५ लाख रूपैयाँ घुस लिएको र उक्त रकमले जग्गा लिएको अख्तियारले जनाएको छ । अख्तियार प्रवक्ता नरहरि घिमिरेले आमा जनकनन्दनी भट्टराईका नाममा भक्तपुरको गुण्डुमा जग्गा किनेका थिए । अनुसन्धानबाट जग्गा किनेको पुष्टि भएको पनि घिमिरेले बताए । त्यसपछि दुवैलाई अख्यिताले प्रतिवादी बनाएको हो ।

भट्टराईविरुद्ध ८० लाख रूपैयाँ घुस लिएको कसुरमा यसअघि नै मुद्दा दायर भइसकेको छ । उनी विशेष अदालतबाट दोषीसमेत ठहरिएका छन् । अख्तियारका अनुसार कर्मचारीलाई पहिलो पटक सम्पत्ति शुद्धीकरणमा मुद्दा दायर भएको हो ।

भट्टराईको घुस वापतको रकम शुद्धीकरण गरेर किनिएको २ रोपनी ११ आना २ पैसा जग्गा पनि जफत गर्न माग दावी लिएको छ । संघीय संसद्ले गत वर्ष 'सम्पत्ति शुद्धीकरण' निवारण तथा व्यवसायिक प्रवर्द्धनसम्बन्धी केही ऐन संशोधनपछि 'सम्बद्ध कसुर (प्रेडिक्टेड अफेन्स)सँग सम्बन्धित सम्पत्ति शुद्धीकरण कसुरमा अनुसन्धान भई प्रतिवादी भट्टराई र निजकी आमाउपर मुद्दा दर्ता गरिएको आरोपपत्रमा उललेख छ ।

२५ चैत २०८० मा अख्तियारले कोषको सार्वजनिक निर्माणसम्बन्धी ठेक्कापट्टामा घुस खाएको अभियोगमा भट्टराई र उनकी आमा जनकनन्दनीविरुद्ध मुद्दा दायर गरेको थियो । त्यसको २ महिनापछि २०८० जेठ ३१ मा सरोजलाई दोषी ठहर गर्दै ८० दाख रूपैयाँ जरिवाना र ६ वर्ष कैद सजाय सुनाएको थियो ।

सरोजकी आमा जनक नन्दनीलाई भने अख्तियारले सफाइ दिएको थियो । अख्तियारले ८० लाख घुससँगै सम्वन्धित थप १ करोड ५ लाख घुसको प्रमाण पनि फेला पारेपछि बिहीबार घुस र दुवै प्रकरणसँग जोडिएको रकम शुद्धीकरण गरेकोमा सम्पत्ति शुद्धीकरणमा मुद्दा दायर भएको जनाएको छ ।लुम्बिनी विकास कोषको निर्माण ठेक्का पाएका कम्पनीहरूबाट बिचौलिया प्रयोग गरी सरोजले जग्गा बिक्रेतालाई सिधै रकम भुक्तानी गराएर आमाका नाममा जग्गा किनेको खुलेको थियो । निर्माणको ठेक्का बाबुल निर्माण सेवाले एकल तथा जेभीमा बोलपत्र प्रस्ताव गरी ठेक्का सम्झौता गरेको हो ।

भट्टराईले अर्घाखाँची-बाबुल जेभी, लुम्बिनी-अर्घाखाँची बाबुल जेभी र अर्घाखाँची बाबुल जेभीको खाताबाट जग्गा बिक्रेताको खातामा रकम जम्मा गर्न लगाएका थिए । त्यही रकमबाट गुण्डुमा जग्गा किनेको अनुसन्धानबाट पत्ता लागेको थियो । ठेक्का सम्झौता गर्न सहजीकरण तथा ठेक्का मिलाई दिएवापत बाबुल निर्माण सेवाका प्रोप्राइटरलाई घुस वापतको राडरिङ एशी इन्कमा काम गर्ने व्यक्तिको खातामा रकम जम्मा गर्न लगाएर तीनै व्यक्तिको खाताबाट जग्गा बिक्रेतालाई पठाइएको खुलेको थियो । त्यसरी २ खेपमा गरी विभिन्न मितिमा क्रमशः ८० लाख र १ करोड ५ लाख रूपैयाँ रकम लिएको भेटिएको थियो ।

**सन्दर्भः वैदेशिक रोजगार**

# विना प्रमाण उजुरी दर्ता नगर्न व्यवसायीको माग



■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगार व्यवसायीहरूले विना प्रमाण उजुरी दर्ता गर्न नहुने माग गरेका छन् । नेपाली कांग्रेसको शुभेच्छुक संस्था नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनमा आवद्ध व्यवसायीहरूको प्रतिनिधि मण्डलले वैदेशिक रोजगार विभागका महानिर्देशक सूर्य बहादुर खत्रीसँग बिहीबार भेट गरी उक्त माग गरेका हुन् ।

लोकतान्त्रिक एशोसियसनले महानिर्देशक खत्रीलाई सफल कार्यकालको शुभकामना दिंदै पछिल्लो समय विना प्रमाण उजुरी दर्ता गर्दा नकारात्मक परिणामहरू देखा परेको उल्लेख गरेको छ। विशेष गरी व्यक्तिगत लेनदेन र अन्य विभिन्न प्रकारका घटनालाई समेत वैदेशिक रोजगारीको नाममा उजुरी दर्ता गरिनुले विभागको कार्य क्षमतासमेत असर पर्न गएको भन्दै महानिर्देशक खत्रीको ध्यानाकर्षण गराइएको छ । तसर्थ ईजाजतवाला संस्थाहरू (म्यानपावर कम्पनी)का बिरुद्धमा उजुरीहरू दर्ता गर्नु अघि प्रमाणको आधार अनिवार्य बनाउनु पर्नेमा एशोसियसनले जोड दिएको छ ।

त्यस्तै केही व्यक्ति तथा समुहहरूले आफ्नो स्वार्थ पूर्ति गर्नको लागि पनि अनाधिकृत उजुरी दर्ता गर्दा व्यवसायीहरू समस्यामा पर्ने गरेको बताइएको छ । एशोसियसनले महानिर्देशक खत्रीलाई बुझाएको अनुरोधपत्रमा केहि व्यक्तिहरू मिडियाकर्मी, सामाजिक अभियन्ता, वा अन्य तेस्रो पक्षका नातेदारका रूपमा विभागमा प्रवेश गरेर उजुरी दर्ता गर्ने गरेकाले रोक्नुपर्ने उल्लेख गरिएको छ । उजुरीका कारण व्यवसायीहरूले मानसिक तनावका साथै आर्थिक नोक्सानी खेप्नु परेको भन्दै त्यस्ता उजुरीहरूमा विभागलेसमेत अनावश्यक समय र स्रोत खेर फाल्नु परेको एशोसियसनको जिकिर छ ।

अनाधिकृत तथा व्यवसायी लक्षित उजुरी लिंदा प्रमाणका आधारमा लिई समस्या समाधानको लागि विभागले सम्बन्धी व्यक्तिहरूको पहिचान गर्न परिचयपत्र, पिडितहरूसँगको सम्बन्ध यकिन तथा अनिवार्य गर्नुपर्नेमा जोड दिइएको छ । जसका कारण श्रमिकहरूको समस्याको निष्पक्ष समाधानलाई सुनिश्चित गर्न र व्यवसायीहरूलाईसमेत कानूनी सुरक्षा प्रदान गर्न मद्दत पुग्ने एशोसियसनले विश्वास लिएको छ ।

(क्रमशः पृष्ठ २ मा)

## विदेश पठाइदिने भन्दै ठगी गर्ने तीन पक्राउ

**काठमाडौं, (प्रस)–** वैदेशिक रोजगारमा बेरोजगार युवायुवतीलाई विभिन्न देश पठाइदिने भन्दै २३ लाख ८५ हजार रूपैयाँ ठगी गरेको अभियोगमा प्रहरीले तीन जनालाई पक्राउ गरी बिहीबार सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेमा सिरहाको सिरहा नगरपालिका-७ घर भई हाल काठमाडौं महानगरपालिका-९ सिनामंगल बस्ने ३० वर्षीय सुशान्त सिंह, कपिलवस्तुको कृष्णनगर नगरपालिका-११ घर भई काठमाडौं सिनामंगल बस्ने ३६ वर्षीय सल्लउदिन वेग तथा तेह्रथुमको फेदाप गाउँपालिका-८ घर भई हाल बुढानिलकण्ठ नगरपालिका-८ हात्तीगौंडा बस्ने ५३ वर्षीय राजु दाहाल रहेका काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुका सूचना अधिकारी एवं प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिए ।

उनका अनुसार पक्राउ परेकामध्ये सिंहले दुई जनालाई दुबई पठाउने भन्दै आठ लाख ४० हजार, वेगले दुई जनालाई कुवेत पठाउने भन्दै सात लाख २० हजार तथा दाहालले तीन जनालाई क्रोएसिया पठाउने भन्दै आठ लाख २५ हजार रकम लिई विदेश नपठाइ सम्पर्कविहिन भएको पीडितको उजुरीका आधारमा काठमाडौंका विभिन्न स्थानबाट पक्राउ गरी आज सार्वजनिक गरिएको हो । पक्राउ परेका तीनै जनालाई थप अनुसन्धान तथा कारवाहीका लागि वैदेशिक रोजगार विभाग, ताहाचल पठाइएको सूचना अधिकारी आचार्यले बताए ।




# ‘राज्यले सुम्पिएको जिम्मेवारी इमान्दारिताका साथ सम्पादन गर्नू’



**काठमाडौं (प्रस)–** गृहसचिव गोकर्णमणि दुवाडीले बिहीबार सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय हल्चोकको निरीक्षण भ्रमण गरेका छन् । सो क्रममा उनले सशस्त्र प्रहरी बलले सम्पादन गरेका काम एवं गतिविधिका बारेमा जानकारी लिए ।

उनले सीमा सुरक्षा, विपद् उद्धार तथा व्यवस्थापनलगायत देशको समग्र शान्ति सुरक्षा व्यवस्थापनमा भए गरेका काम कारबाही र संगठनको समस्या तथा चुनौतीका बारेमा जानकारी लिएका थिए । सोही अवसरमा गृहसचिव दुवाडीले सशस्त्र प्रहरीले स्थापना भएको छोटो अवधिमै उल्लेख्य कार्य गर्न सफल भएको बताए ।

उनले सीमा सुरक्षामा तैनाथ सशस्त्र प्रहरी बलले राजस्व चुहावट तथा सीमा अपराध नियन्त्रण कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको उल्लेख गर्दै सदैव जनतालाई शान्ति सुरक्षाको अनुभूति दिलाउन सकेमात्र कार्यक्षेत्रमा परिचालित भएको सार्थकता हुने बताए ।

सशस्त्र प्रहरी बल नेपालमा स्रोतसाधन तथा जनशक्ति व्यवस्थापन, कर्मचारीहरूको सेवा, सुविधा र वृत्तिविकासमा मन्त्रालयको सदैव साथ रहने जनाउँदै उनले राज्यले सुम्पिएको जिम्मेवारीलाई इमान्दारिता र जवाफदेहितासहित थप प्रभावकारी रूपमा कार्यसम्पादन गर्न निर्देशनसमेत दिए । कार्यक्रममा सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले गृहसचिव दुवाडीबाट भएको निर्देशनलगायत नेपाल सरकारले अवलम्बन गरेका नीतिहरूलाई दृढताका साथ पालना गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले आफू परिचालित कार्यक्षेत्रमा इमान्दारितापूर्वक जिम्मेवारी निर्वाह गर्न सशस्त्र प्रहरी बलका सम्पूर्ण कर्मचारीहरूलाई निर्देशन दिए ।

निरीक्षण भ्रमणका क्रममा गृहसचिव दुवाडीले प्रधान कार्यालयमा रहेको बोर्डर रिसोर्स एण्ड रिसर्च सेन्टर, केन्द्रीय परिचालन कक्ष, एपिएफ म्युजियम र सशस्त्र प्रहरी बल नेपालद्वारा हाल प्रयोगमा ल्याइरहेका विपद् उद्धार सामग्रीहरूको अवलोकन गरेका थिए ।

पृष्ठ १ बाट क्रमश:

## फुटको डिलमा...

त्यसबारे कांग्रेस सभापति शेरबहादुर देउवासँग छलफल गरेका थिए । त्यसबेला देउवा ओलीको कुरामा सहमत भएनन् । अन्ततः देउवाका कारण हठात् संसद् अधिवेशन अन्त्य गरेर अध्यादेश ल्याउन ओली सफल भएनन् ।

अध्यादेश नेकपा एसको केन्द्रीय समिति र संसदीय समितिमा २० प्रतिशतले पार्टी विभाजन गर्न मिल्ने प्रावधानका लागि ल्याउन लागेको बताइएको छ । देउवाकै असमझदारीले अध्यादेश रोकियो । तैपनि नेकपा एसमा फुटको डर विद्यमन देखिन्छ । गत वैशाख तेस्रो साता उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) नेपाल विभाजन हुँदा त एकीकृत समाजवादीका नेताहरू अत्तालिएका थिए ।

जसपा नेपाल फुटेको भोलिपल्टै गत २४ वैशाखमा अध्यक्ष नेपालले संसदीय दलको बैठक राखेर सांसदहरूलाई फकाएका थिए । त्यसपछि प्रमुख सचेतक मेटमणि चौधरीले सार्वजनिक बक्तव्य जारी गरेरै संसदीय दल एकताबद्ध रहेको सन्देश दिएका थिए । पार्टी विभाजनको नेतृत्व गर्न सक्ने प्रचार चिर्न सम्मानित नेता झलनाथ खनालले पनि बक्तव्य जारी गरेका थिए । पूर्वप्रधानमन्त्री खनालले ६ जना सांसदहरू लिएर आफूले पार्टी फुटाउन लागेको भन्ने प्रचार गलत भएको प्रष्टोक्ति दिएका थिए ।

## विना प्रमाण...

त्यसैगरी कुनै पनि व्यवसायीविरुद्ध उजुरी दर्ता गर्नु अघि अनिवार्यरूपमा मेलमिलापको प्रक्रियालाई अघि बढाउन विभागसँग माग गरिएको छ । सम्बन्धित पक्षहरूसँग प्रारम्भिक छलफल नगरी उजुरी दर्ता गर्दा लामो कानूनी प्रक्रियामा फस्नुपर्ने स्थिति आउने भएकाले विना आधार र प्रमाण उजुरी दर्ता नगर्न विभागका महानिर्देशक खत्रीलाई आग्रह गरिएको एशोसियसनका महासचिव महेश कुमार बस्नेतले बताए । ‘विभाग परिसरमा नै मेलमिलाप कक्ष छ र त्यहाँ गरिने छलफलबाटै समस्याको समाधान गराउन सकिन्छ,’ उनले भने, ‘महानिर्देशक (सूर्य बहादुर खत्री) ज्यूको सफल कार्यकालको शुभकामना व्यक्त गर्न र विना प्रमाण व्यवसायीविरुद्ध पर्ने उजुरीहरूको न्यायोचित सम्बोधन हुन सकोस् भन्ने उदेश्यले विभागमा गएका हौं ।’ मेलमिलाप प्रक्रियामा नजाँदै उजुरी दर्ता गर्दा, सम्बन्धित पक्षहरूलाई थप समस्या सिर्जना हुने उनको भनाई छ । मेलमिलापको प्रयासले उजुरीहरूको संख्या घटाउन, कानूनी प्रक्रियालाई सहजीकरण गर्न, र व्यवसायीक वातावरणलाई शान्तिपूर्ण बनाउन सघाउ पुग्ने बस्नेतले बताए ।

आगामी दिनमा यस्ता परिस्थितिहरूलाई रोक्न र उजुरी दर्ता गर्नु अघि मेलमिलाप कक्षमा अनिवार्य छलफल गराउनुपर्ने व्यवस्था मिलाउन एशोसियसनले आग्रह गरेको छ । वैदेशिक रोजगार क्षेत्रको समय अनुकुलको सुधारले देशको दिगो विकास र आर्थिक समृद्धिमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने भएकाले यसमा संलग्न व्यवसायीहरूलाई आवश्यक नीतिगत सहजीकरण र कानूनी संरक्षण प्रदान गर्नुपर्नेमा एशोसियसनले जोड दिएको छ । वैदेशिक रोजगारीका क्षेत्रमा रहेका समस्या र व्यवसायीहरूको कठीनाई हल गर्न सबै सरोकारवालासँग समन्वय र सहकार्यका साथ आफु अघि बढ्ने विभागका महानिर्देशक खत्रीबाट प्रतिवद्धता व्यक्त भएको महासचिव बस्नेतले जानकारी दिए ।

---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा २०७२/०४/२८ मा दर्ता भएको प्रा.लि.नं. १३८४९० को **सिंह भैरव निर्माण सेवा प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०५/२७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता/स्वेच्छिक खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ

---

**नेपाल सरकार**
**भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भुमि व्यवस्थापन तथा अभिलेख विभाग**
**भुमि सुधार तथा मालपोत कार्यालय**
**सर्लाही मलंगवा**
**(मोही फाँट)**

**३५ दिने सार्वजनिक सूचना**

जिल्ला बनाती मा.वि.स. ईश्वरपुर वार्ड नं. ९ हाल ईश्वरपुर न.पा. वार्ड नं. ८ बस्ने **खुवलाल राय दनुवार**लाई हकोधी गर्न आउने बारेको सूचना ।
उपरोक्त सम्बन्धमा जिल्ला सर्लाही गा।वि।स। ईश्वरपुर वार्ड नं. ९ हाल ईश्वरपुर न.पा. वार्ड नं. ८ बस्न विनिता कुमारी को नाममा दर्ता कायम रहेको जि.स.गा.वि. ईश्वरपुर वार्ड नं. ९ (क) कि.नं. २०८ को ज. वि. ०-०-५, ऐ. ऐ.कि.नं. ४०६ को ज.बि. ०-०-२ जग्गाको मोही महलमा सर्लाही गा.वि.स. ईश्वरपुर वार्ड नं. ९ हाल ईश्वरपुर न.पा. वार्ड नं.८ बस्ने खुवलाल राय दनुवार को नाम उल्लेख रहेकोमा जग्गा धनीले भगुवा मोही लगत कट्टा गरि पाउँ भन्ने निवेदनमा मिति २०८१/४/२२ गतेको आदेशानुसार मोही हक दावी सम्बन्धी ३५ दिने सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको बारेस प्रमाण सहित पठाउनु होला । नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम भगुवा र भरुवा मोही लगत कट्टा तर्फको कार्यवाही भै जाने यसै सूचनाद्वारा जानकारी गराईन्छ। पछि तपाईंको उजुर बाजुर लाग्ने छैन ।

---

**नेपाल सरकार**
**भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भुमि व्यवस्थापन तथा अभिलेख विभाग**
**भुमि सुधार तथा मालपोत कार्यालय**
**सर्लाही मलंगवा**
**(मोही फाँट)**

**३५ दिने सार्वजनिक सूचना**

जि. सर्लाही साविक गा.वि.स. धनकौल वार्ड नं. २ हाल गोडैता न.पा. वार्ड नं. १२ मा बस्ने **चरित्र महरा चमार**लाई हकदावी गर्न आउने बारेको सूचना ।
उपरोक्त सम्बन्धमा जिल्ला सर्लाही मधुबनी गा.वि.स. वार्ड न. १ हाल गाडैता न.पा. वार्ड नं. १२ मा बस्ने अवधेश प्रसाद श्रीवास्तव को नाममा दर्ता कायम रहेको जि.स.गा.वि. धनकौल पुर्व वार्ड नं. २ कि.नं. ६० को क्षेत्रफल ०-६-९ जग्गाको मोही महलमा जि. सर्लाही साविक गा.वि.स. धनकौल वार्ड नं. २ हाल गोडैता न.पा. वार्ड न. १२ मा बस्ने चरित्र महरा चमारको नाम उल्लेख रहेकोमा जग्गा धनीले जग्गा नजोतेको मोही लगत कट्टा गरि पाउँ भन्ने निवेदनमा मिति २०८१/४/१३ गतेको आदेशानुसार मोही हक दावी सम्बन्धी ३५ दिने सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको वारेस प्रमाण सहित पठाउनु होला । नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम जग्गा नजोतेको मोही लगत कट्टा तर्फको कार्यवाही भै जाने यसै सूचनाद्धारा जानकारी गराईन्छ। पछि तपाईको उजुर बाजुर लाग्ने छैन ।

---

**नेपाल सरकार**
**भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भुमि व्यवस्थापन तथा अभिलेख विभाग**
**भुमि सुधार तथा मालपोत कार्यालय**
**सर्लाही मलंगवा**
**(मोही फाँट)**

**३५ दिने सार्वजनिक सूचना**

जि सर्लाही साविक गा.वि.स. हजारीया वार्ड नं.९ हाल बरहथबा न.पा. वार्ड नं. ३ मा बस्ने रघुनाथ सिंह राजपुत नाउको हकदावी गर्न आउने बारेको सूचना ।
उपरोक्त सम्बन्धमा जिल्ला सर्लाही गा.वि.स. हजारीया वार्ड नं. ५ हाल जि.स. बरहथबा न.पा. वार्ड नं. ३ मा बस्ने लाल मोहन प्रसाद सिंह को नाममा दर्ता कायम रहेको जि.स.गा.वि. हजारीया वार्ड नं. ९ कि.नं. ७०३ को क्षेत्रफल ०-५-० जग्गाको मोही महलमा जि.सर्लाही साविक गा.वि.स. हजारीया वार्ड नं. ९ हाल बरहथबा न.पा.वार्ड नं. ३ मा बस्ने रघुनाथ सिंह राजपुत को नाम उल्लेख रहेकोमा जग्गा धनीले भगुवा मोही लगत कट्टा गरि पाउँ भन्ने निवेदनमा मिति २०८१/५/२४ गतेको आदेशानुसार मोही हक दावी सम्बन्धी ३५ दिने सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको वारेस प्रमाण सहित पठाउनु होला । नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम मरुवा मोही लगत कट्टा तर्फको कार्यवाही भै जाने यसै सूचनाद्धारा जानकारी गराईन्छ । पछि तपाईको उजुर बाजुर लाग्ने छैन ।

---

**नेपाल सरकार**
**भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भुमि व्यवस्थापन तथा अभिलेख विभाग**
**भुमि सुधार तथा मालपोत कार्यालय**
**सर्लाही मलंगवा**
**(मोही फाँट)**

**३५ दिने सार्वजनिक सूचना**

जि.सर्लाही साविक गा.वि.स. हजारीया वार्ड नं. ९ हाल बरहथवा न.पा. वार्ड नं. ३ मा बस्ने **लछुमन राय दनुवार** नाउँको हकदावी गर्न आउने बारेको सूचना ।
उपरोक्त सम्बन्धमा जिल्ला सर्लाही गा.वि.स. रामनगर बहुअर्वा वार्ड नं. ६ हाल बरहथवा न.पा. वार्ड नं. १ मा बस्ने रेणु देवी को नाममा दर्ता कायम रहेको जि.स.गा.वि. हजारीया वार्ड नं. १ कि.नं. ३१८ को क्षेत्रफल ०-१-६ जग्गाको मोही महलमा जि. सर्लाही साविक गा.वि.स. हजारीया वार्ड नं. ९ हाल बरहथवा न.पा.वार्ड नं. ३ मा बस्ने लछुमन राय दनुवार को नाम उल्लेख रहेकोमा जग्गा धनीले भगुवा मोही लगत कट्टा गरि पाउँ भन्ने निवेदनमा मिति २०८१/५/२४ गतेको आदेशानुसार मोही हक दावी सम्बन्धी ३५ दिने सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको वारेस प्रमाण सहित पठाउनु होला। नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम मरुवा मोही लगत कट्टा तर्फको कार्यवाही भै जाने यसै सूचनाद्धारा जानकारी गराईन्छ। पछि तपाईको उजुर बाजुर लाग्ने छैन ।

---

Government of Gandaki Province
Ministry of Energy, Water Resources and Water Supply
**Water Resources & Irrigation Development Division Office Kaski**
Pokhara, Nepal

**Notice for Intention of Award**

**First date of Publication: 2081/05/28 (2024/09/13)**

As per the Provision of Public Procurement Act, 2063 clause 27(2), (3) and (47), it is hereby notified to all concerned bidders who have submitted the bid for the following contract as per notice published on 2081/02/14 B.S on Annapurna Daily, the lowest evaluated substantially responsive bid for the respective contract has been listed below:

| S.N. | Contract No. | Lowest Evaluated Substantially Responsive Successful Bidder | Evaluated Bid Price (Including VAT & PS) |
|---|---|---|---|
| 1. | WRIDDOK/KKRTP/ WORKS/NCB-04/2080-81 | M/S Baikuntha-Jogimara J/V, Gusingal, Lalitpur | NRs. 46953596.52 |
| 2. | WRIDDOK/SGRTP/WORKS/ NCB-05/2080-81 | M/S Baikuntha-Jogimara J/V, Gusingal, Lalitpur | NRs. 42979715.8 |

***Division Chief***

---

# गौरीशंकर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**सुरी, दोलखा, वागमती प्रदेश, नेपाल**

**सेवा करार पदपूर्तिमा माग संख्या संसोधन गरिएको सम्बन्धी सूचना**

**सूचना नं १०/२०८१/०८२, मिति २०८१/०५/२८**

प्रस्तुत विषयको सन्दर्भमा यस कार्यालयले सूचना नं ९/२०८१/०८२, मिति २०८१।०५।२७ मा विविध प्राविधिक पदमा सेवा करारमा पदपुर्तीका लागि दरखास्त आह्वान गरेकोमा तपसिल बमोजिमको विवरण संसोधन गरिएको छ ।

**तपसिल**

| क्र.सं | विज्ञापन नं | पद | तह | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | १२।२०८०।८१ | पशु स्वास्थ्य प्राविधिक | पाचौं | २ | यस अघि प्रकाशित भएको सूचनामा माग संख्या १ भएकोमा संसोधन गरी २।२ कायम गरिएको । |
| २ | १३।२०८०।८१ | नायब पशु स्वास्थ्य प्राविधिक | चौथो | २ | |

**प्रमुख प्रशासकीय अधिकृत**

---

# CHAUTARA SANGACHOKGADHI MUNICIPALITY
## Office of the Municipal Executive
**Chautara, Sindhupalchok**

**Invitation for Electronioc Bids**

**Invitation for Electronic Bids for the Upgrading Works of Aahaldanda Dandapari Bhirkuna Road Sector, Ward no-5**

**Contract Identification No: CSGM/NCB/WORKS-06/2081/082**

**First Date of publication: 2081/05/28 (13th Sep 2024)**

The **Chautara Sangachokgadhi Municipality Office, Chautara, Sindhupalchok** invites electronic bids from nepali eligible Bidders for the construction of the following works under NCB Procedures.

| Contract Identification No | Description | Estimated Amount (Exclusive of VAT and Contingencies) | Bid Security Amount | Price of Bid Document | Bid Submission Last Date, Time | Bid Opening Date, Time |
|---|---|---|---|---|---|---|
| CSGM/NCB/ WORKS-06-/ 2081/082 | Upgrading Works of Aahaldanda Dandapari Bhirkuna Road Sector, Ward no-5 | Rs. 84,20,833.33 | Rs. 2,38,000.00 | Rs. 3,000.00 | 2081/06/30 (16th Oct 2024) at 12:00 hrs | 2081/06/30 (16th Oct 2024) at 13:00 hrs |

1. Eligible Bidders may obtain further office of **Chautara Sangachokgadhi Municipality, Office of the Municipal Executive, Chuatara, Sindhupalchok, Contact no 011-620477 or may visit the website http://www.chautaramun.gov.np. or may visit PPMO website www.bolpatra.gov.np/egp.**
2. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site **www.bolpatra.gov.np./egp,**. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the office account no. as specified below and the scanned copy (.pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: **Nepal Bank Limited, Chautara Branch**
   Name of Office: **Chautara Sangachokgadhi Municipality**
   Account Number (Aantarik Rajashwo Khata for bid document fee): **05703000001001000001**
   Dharauti Khata No. **05703000003000000001**
   Office Code No: **801032701**
   Rajaswa (revenue) Shirshak no: **14229**
3. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp. on or before as mentioned above.
4. Pre-bid meeting shall be held at **Chautara Sangachokgadhi Municipality, office of the Municipal Executive, Chautara ,Sindhupalchok at 2081/06/16 (02nd Oct 2024) on 13:00 hrs.**
5. Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format amounting to a minimum of **above mentioned.** which shall be valid for **30 days** beyond the validity period of the bid.
6. Bids shall be opened in the presence of Bidders' representatives who choose to attend at above mentioned date and time at the office of **Chautara Sangachokgadhi Municipality.**
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bidders are advised to visit the site and assess the actual site conditions prior to submit the bid in their own cost.
9. The Employer reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.
10. Any matter not covered by this notice shall be as per other mandatory information as per PPA and PPR. (With all amendments) of GON.
11. If there are any changes or correction in notice or on Bid document, the notice will be published in **Chautara Sangachokgadhi Municipality** notice board, **Municipality Official Website** and in bid addendum.

**Chief Administrative Officer**
**Chautara Sangachokgadhi Municipality**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### कार्यसम्पादनमा 'असफल' सरकार

मुलुकमा स्थिर सरकार नहुँदा सबैजसो क्षेत्र प्रभावित बन्दै आएका छन् । सरकारका कुनै पनि योजना प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । एउटा सरकारले बनाएको योजना कार्यान्वयन गर्ने बेला अर्को सरकार आउने र उक्त योजना अलपत्र पर्ने समस्या वर्षौंदेखिको हो । यसले मुलुकलाई दीर्घकालीन असर पुऱ्याइरहेको छ । सरकारले आफूले तय गरेको वार्षिक लक्ष्यअनुसार काम गर्न नसकेको उसकै प्रतिवेदनबाट प्रस्ट हुन्छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सार्वजनिक गरेको गत आर्थिक वर्ष २०८०/८१ को 'नीति तथा प्रमुख कार्यहरूको वार्षिक प्रगति प्रतिवेदन' हेर्दा सरकारको कार्यसम्पादन कति कमजोर बनेको छ भन्ने बुझ्न सकिन्छ । उक्त आवका लागि निर्धारण गरेका वार्षिक क्रियाकलाप र माइलस्टोनहरूको कार्यप्रगति दयनीय देखिन्छ । प्रतिवेदनअनुसार गत आवका लागि निर्धारण गरिएकामध्ये करिब ४२ प्रतिशत क्रियाकलाप र ४८.५ प्रतिशत माइलस्टोनमात्रै सम्पन्न भएको देखिएको हो ।

गत आवका लागि विभिन्न २७ निकायहरूको कार्ययोजनामा कूल एक हजार ६०० क्रियाकलाप समावेश गरिएको थियो । जसमध्ये ४१.७ प्रतिशतमात्रै सम्पन्न भएका छन् । त्यस्तै, कूल तीन हजार ४२१ माइलस्टोन तय गरिएकामा ४८.५ प्रतिशतमात्र सम्पन्न भएका छन् । प्रतिवेदनअनुसार निर्धारित माइलस्टोनमध्ये ४०.५ प्रतिशत चालु अवस्थामा रहेका र ११ प्रतिशत सुरु हुन सकेका छैनन् ।

सरकारले गत वर्षका लागि आर्थिक क्षेत्रमा कूल ४१४ क्रियाकलाप निर्धारण भएकामा १६७ सम्पन्न भएका, २२९ चालु अवस्थामा रहेका र १९ सुरु नै नभएका उक्त प्रतिवेदनले जनाएको छ । पूर्वाधार क्षेत्रमा कूल ५०० क्रियाकलाप रहेकामा १०९ सम्पन्न भएका, ३७४ चालु अवस्थामा रहेका र १७ वटाको काम सुरु भएको छैन ।

शासकीय सुधारतर्फ ३९२ क्रियाकलाप निर्धारण भएकामा २११ सम्पन्न भएका, १५४ चालु अवस्थामा रहेका र २७ वटा सुरु हुन नसकेका देखिएको छ । त्यस्तै, सामाजिक क्षेत्रतर्फ कूल २९३ क्रियाकलाप निर्धारण भएकामा १८१ सम्पन्न, १०५ आंशिक सम्पन्न र सातवटा सुरु हुन सकेका छैनन् । यसरी वार्षिकरूपमा तय भएका एक हजार ६०० क्रियाकलापमध्ये सम्पन्न भएका ६६८ अर्थात् ४१.४ प्रतिशत, चालु अवस्थामा रहेका ६६२ अर्थात् ५३.९ प्रतिशत र काम सुरु नभएका ७० अर्थात् ४.४ प्रतिशत रहेका छन् ।

त्यस्तै, सरकारले वार्षिकरूपमा निर्धारण गरेका कूल तीन हजार ४४१ माइलस्टोनमध्ये एक हजार ६५९ अर्थात् ४८.५ प्रतिशत सम्पन्न भएका, एक हजार ३८५ अर्थात् ४०.५ प्रतिशत आंशिक प्रगति हासिल भएका र ३७७ अर्थात् ११ प्रतिशत माइलस्टोन सुरु हुन नसकेका देखिएको छ ।

वार्षिक लक्ष्यअनुसार क्रियाकलाप र माइलस्टोनको कार्यसम्पादन नहुनुमा जनशक्ति अभाव र आयोजना प्रमुख तथा नेतृत्व परिवर्तन हुनुलाई कारण देखाइएको छ । सरकारले लक्ष्य निर्धारण गर्नेमात्रै होइन, त्यसको कार्यान्वयनमा ध्यान नदिँदा यो अवस्था आएको हो । त्यसैले अब कार्यान्वयनतर्फ सरकार र सरोकारवाला अधिकारीहरूको ध्यान जाओस् ।

## मननयोग्य

### चाणक्य नीति

राजा नन्द । तिमीलाई यो पनि थाहा छैन, मगध एउटा दन्दनाएको ज्वालामुखी भइरहेछ । कहिले ज्वालामुखी फुट्छ । जुन राजाका हात युद्धमा शत्रुको शिर काट्नमा प्रयोग हुन्छ त्यही हात नर्तकी, वेश्या, कामिनीका साथ मोजमस्तीमा लागिरहन्छन् । हेर नन्द । राजाको शरीर प्रजामा अर्पण हुन्छ, तर म देख्दैछु राजा सुरा सुन्दरीमा समर्पित छ । जुन राजालाई बाहिरी देशको ज्ञान छैन त्यो ज्ञान चाकडी र चाप्लुसीवादले निकम्मा बनाएको छ । त्यस्ता राजाले आफ्नो राज्यमा के भएको चाल पाउदैन ।

छिमेकी राज्यसहित विदेशीको गिद्धेदृष्टि मगधमा छ, तर राजालाई भोगविलासले त्यो जान्ने फुर्सद कहाँ छ ? सभामा बसेका सबैले थी ब्राह्मणलाई आश्चर्यचकित भई हेरिरहे । यस्तो कुरा राजा, नन्द र महामात्य राक्षसका सामुमा अगाडि भन्न सक्ने दुःसाहस सपनामा पनि उनीहरू गर्न सक्दैनथे ।

नन्दका कान सन्दरीका मीठो स्वर दरवारिया चापलुसी चाटुकारिता सुन्नमा व्यस्त हुन्थे, तर चाणक्यका सिसाजस्तो गड्ने कुरा सुनी रिसले तमतमाउँदै पूरै कडकर राजा नन्दले भने- 'यो मूर्ख बाह्मणलाई यहाँ कसले ल्यायो ? यसको यो दरबारमा प्रवेश गर्ने साहस कसरी भयो ?'

कुरा यसरी बिग्रिएको देखी अमात्य शकटार खडा भई भन्न लागे महाराज क्षमा चाहन्छु मैले त तक्षशिलाका मार्तण्ड विद्वान् व्यक्तित्वलाई दरबारमा ल्याएको हुँ यी विष्णगप्त हुन् । जसका बुद्धिको चर्चा देश-विदेशमा टाढा-टाढासम्म छ । जसको अर्थशास्त्र विश्वप्रसिद्ध छ र अन्य विषयमा पनि त्यस्तै राजनीतिक प्रकाण्ड विद्वान् । राजा नन्दले चाणक्यपछि फर्केर उपहास गर्दै भने यो शक्तिहीनजस्तो कुरूप व्यक्ति पनि प्रकाण्ड विद्वान मार्तण्ड विद्वान किन ?

राजाले चाणक्यलाई व्यङ्ग्य गरेको देखी सबै दरबारियाले पनि व्यग्य गर्न थाले । सुनिएको थियो- 'ब्राह्मणका रिस डरलाग्दो हुन्छ तर आज साक्षात् देख्ने मौका पायौं' चाणक्यको रिस सीमाबाहिर भयो। उनको शरीर रिसरूपी आगोले काम्न थाल्यो । कमण्डलुबाट जल लिएर हातमा राख्दै टुक्रिएर भने' राजा नन्द । क्रमशः

# 'अवार्ड'को दौडमा बैंकिङ क्षेत्र



■ रिसव गौतम

बैंकहरूले गुणस्तरीय सेवा प्रवाह, ग्राहकमैत्री व्यवहार, कुशल सम्बन्ध, गरिब किसानलाई पनि ऋण प्रवाहीकरणमा समेट्नु, दुर्गम तथा पहुँचविहीनहरूकामा पुग्ने कुरामा प्रतिस्पर्धा जरुरी छ । आधुनिक सेवा सुविधा दिने कुरामा प्रतिस्पर्धा जरुरी छ । अवार्डको दौडमा होइन । त्यसैगरी कतिपय बैंकहरूले मिडियामा यो सुविधा, त्यो सुविधा दिने भनेर हल्ला गर्ने तर त्यसको गुणस्तर र दिगोपनसमेत भएको पाइँदैन । वित्तीय क्षेत्रले त्यसलाई सुधार्न जरुरी छ ।

विश्वासमा अडेको, विश्वासमै चलायमान हुने र गति लिने क्षेत्र हो बैंकिङ क्षेत्र । विश्वासमै टिकेको क्षेत्र भएकाले पनि बैंक तथा वित्तीय क्षेत्रले जनताको मन जित्न अनेक कोसिस गरिरहन्छन् । नेपालमा २०४६ सालपछि सबैभन्दा प्रगति गरेको क्षेत्र पनि बैंक तथा वित्तीय क्षेत्र नै हो । विगत दुई वर्षयता अर्थतन्त्रको तेस्रो खम्बा अनि समाजवादतर्फको यात्राको कडीका रूपमा हेरिएको सहकारी क्षेत्रले जनविश्वास गुमायो । खासगरी वित्तीय क्षेत्रको अहिलेको अवस्था तहसनहस नै छ । सहकारी क्षेत्रमा राजनीति गर्नेहरू छिरेपछि, दलाल तथा माफियाहरू छिरेपछि र अकुत एवं शंकास्पद धन आर्जन गर्नेहरू छिरेपछि व्यापक संकट आइरहेको छ ।

सहकारी क्षेत्रमा उत्पन्न संकट र गुमेको विश्वासले पनि अन्ततः 'क', 'ख' र 'ग' वर्गका वित्तीय संस्थाहरूलाई नै लाभग्राही बनाएको छ । यसको कुशल नियमन नेपाल राष्ट्र बैंकले गरिरहेको छ । अहिले बैंकहरूमा सात खर्बभन्दा बढी ऋण प्रवाह गर्न सकिने तरलता थुप्रिएको अवस्था छ । त्यसरी बढ्नुमा सहकारी क्षेत्रको संकट देखेका जनताले पैसा बैंकहरूमा थुपारिनु हो । हरेक आर्थिक वर्षको कात्तिक-मंसिरतिरैबाट नेपालमा तरलता अभाव हुने थालेको थियो । त्यसकारण राष्ट्र बैंकको कुशल भूमिकाकै कारण नेपालमा बैंक तथा वित्तीय संस्था आजको समयमा सवल देखिन्छन् ।

कतिपय अवस्थामा धर्मराएका वित्तीय संस्थालाई पनि राष्ट्र बैंकले ट्र्याकमै ल्याएको छ । जस्तो कि केही महिनाअघि एनआइसी एसिया बैंकका बारेमा एकाध व्यक्तिले अफवाह फैलाए । सामाजिक सञ्जालमा प्रभाव बटुलेका त्यस्ता व्यक्तिको अफवाहकै कारण सो बैंकको एक महिनामै ३० अर्ब रूपैयाँभन्दा बढी निक्षेप अरू बैंकमा गएको समाचारसमेत आयो । तर, अफवाह धेरै दिन टिकेन र राष्ट्र बैंकले पनि टेवा र प्रभावकारी भूमिका दिएर एनआइसी एसिया बैंक करिब पहिलाकै अवस्थामा फर्कियो । यसकारण बैंकिङ क्षेत्रमा विश्वासको ठूलो महत्त्व रहन्छ । तर, जनविश्वास कमाउन पछिल्ला केही वर्षयता जसरी बैंकहरूले अवार्ड (पुरस्कार) मोह देखाएका छन् । त्यो छद्म विकृत प्रतिस्पर्धाजस्तो देखिएको छ ।

नेपाली जनताले नै नचिनेका अन्तर्राष्ट्रिय संघसंस्थाहरूले दिएको अवार्डकै भरमा बैंकको विश्वास कसरी बढोत्तरी हुँदो हो त ? त्यस्तो गलत अभ्यासमा लाग्नु फेसनजस्तो मात्र देखिन्छ । जस्तो पछिल्ला वर्षहरूमा बैंकिङ क्षेत्रमा बेस्ट बैंक अवार्ड, एसिया मनि अवार्ड, युरो मनि अवार्ड, बैंक अफ दि एसिया अवार्डलगायतका नानाथरी अवार्डहरूको बजार हल्ला व्यापक छन् । तर, के एकपछि अर्को बैंकले तिनै र त्यस्तै अवार्डका लागि प्रस्तिपर्धा गर्नु र पाउनु उत्कृष्ट सेवाको परिचायक हो त ? त्यसरी अवार्ड दिने संस्थाहरूलाई नेपालीले चिन्छन् त ? किन भइरहेको छ अवार्ड प्राप्त गर्ने लिगलिगे दौड ? त्यसमा बैंकहरूले कति धनराशि खर्च गरिरहेका छन् ? त्यसको उपादायता के ? वास्तवमा राष्ट्र बैंकको एकै मापदण्डमा चलेका बैंकहरू सबै समान हुन् । उत्कृष्ट वा कमसल के हो त्यो छुटयाउने भनेको नेपाली ग्राहकहरूले नै हो । अमूर्त विदेशी संस्थाहरूलाई कसरी थाहा हुन्छन् कि कुन बैंकले कस्तो सेवा दिइरहेका छन् । त्यसको गुणस्तर के छ ? त्यो भोग्नेलाई न थाहा हुन्छ ।

खासगरी भन्ने हो भने बैंकहरूले दिने सेवाको गुणस्तर, डेलिभरी, ग्राहकहरूसँग गर्ने मैत्री व्यवहार, प्रचारमा मात्र नभएर साँचो अर्थमा गरिने सामाजिक उत्तरदायित्वको गतिविधिहरू, सरकारी कर तथा राजस्वमा खेलेको भूमिका, ब्याजदरमा सहुलियत, रोजगारी र उद्यमशीलता अभिवृद्धिमा खेलेको भूमिका, राष्ट्र बैंकले अनिवार्य गरेका क्षेत्रमा भएका लगानीको अवस्था राम्रो भए ती बैंक राम्रोमा दरिने हुन् । फगत नेपालीले नचिन्ने अन्तर्राष्ट्रिय संस्थाहरूले दिने अवार्डले होइन । त्यसकारण बैंकहरूले गुणस्तरीय सेवा प्रवाह, ग्राहकमैत्री व्यवहार, कुशल सम्बन्ध, गरिब किसानलाई पनि ऋण प्रवाहीकरणमा समेट्नु, दुर्गम तथा पहुँचविहीनहरूकामा पुग्ने कुरामा प्रतिस्पर्धा जरुरी छ । आधुनिक सेवा सुविधा दिने कुरामा प्रतिस्पर्धा जरुरी छ । अवार्डको दौडमा होइन । त्यसैगरी कतिपय बैंकहरूले मिडियामा यो सुविधा, त्यो सुविधा दिने भनेर हल्ला गर्ने तर त्यसको गुणस्तर र दिगोपनसमेत भएको पाइँदैन । वित्तीय क्षेत्रले त्यसलाई सुधार्न जरुरी छ ।

### सामाजिक उत्तरदायित्वमा विकृति

हरेक दिनका अखबार वा अनलाइन पोर्टलहरू हेर्दा फलानो बैंक वा वित्त कम्पनीले यति थान कपडा बाँड्यो अथवा वृक्षरोपण गऱ्यो अथवा विद्यार्थीहरूलाई कापीकलम बाँड्यो वा वृद्धवृद्धालाई निःशुल्क भोजन गरायो वा त्यस्तै-त्यस्तै समाचार आइरहेका हुन्छन् । त्यसरी बैंक-वित्त संस्थाहरूले गरिरहेका गतिविधिहरू उनीहरूका सामाजिक उत्तरदायित्व कार्यक्रम (सिएसआर) हुन् ।

सबै त होइनन् तर धेरैले सामाजिक उत्तरदायित्व कार्यक्रमका नाममा कनिका मात्र छर्ने गरेका छन् । एकाधले सिंगै स्कुल, धर्मशाला, मठमन्दिर वा गरिबको छाना-नानाको व्यवस्था पनि गरेका समाचार आउँछन् । तर, सामाजिक उत्तरदायित्व बहन गर्ने बैंक-वित्त कम्पनीहरूमध्ये धेरैले नाममात्रैको सहयोग गर्ने गरेका छन् । सो विषयमा धेरैलाई वास्ता छैन । मिडियाले पनि सो विषय गौण ठान्छ । तर वार्षिक अर्बौं कमाउने बैंकहरूले सामाजिक उत्तरदायित्वका नाममा आफूले छरेका कनिकाहरूबारे निकै नै प्रचारप्रसार भने गरिरहेका हुन्छन् । उनीहरूका स-साना समाचारहरूले पनि मिडियामा राम्रै स्थान पाएका हुन्छन् । धेरैजसो मिडिया पुरापुर विज्ञापनमा निर्भर भएकाले पनि त्यसो भएको हुनसक्छ ।

सामाजिक उत्तरदायित्व र समाजप्रतिको दायित्व ठोसरूपमा रहेको देखिँदैन । त्यसैकारण कमाउधन्दामुखी र विज्ञापनमुखी मिडियाहरूमा बैंक तथा वित्तीय संस्थाहरूको विकृत क्रियाकलापहरूबारे कमै समाचार आउने गर्दछ । यद्यपि, सामाजिक उत्तरदायित्व बैंकहरूको मात्रै दायित्व भने होइन । सबै खालका निजी तथा सरकारी व्यावसायिक संघसंस्थाहरूको दायित्व हो । नेपालमा बैंक तथा वित्तीय संस्था तथा बिमा कम्पनीहरूबाहेक आयआर्जन सवल भएका उद्योगधन्दा निकै कम छन् । त्यसैले उनीहरू सबैको नजरमा छन् ।

आजको विश्वमा व्यावसायिक संस्थाहरूले आफूले कमाएको मुनाफाबाट कम्तीमा दुई प्रतिशत सामाजिक उत्तरदायित्व वहन गर्ने हिसावले खर्च गर्ने गरेका छन् । नेपालको हकमा पनि यस चलन चलेको दशकौं भइसकेको छ । तर, नेपालमा बैंक-वित्तीय क्षेत्रबाहेक सीमित व्यावसायिक संस्थाहरूले मात्रै समाजप्रतिको दायित्व निर्वाह गरेका देखिन्छन् । सामाजिक उत्तरदायित्व निर्वाह गर्न नेपालका उद्यम व्यवसाय साँच्चिकै मनदेखि लागेका छैनन् । बैंकहरूले पनि देखावटीमात्रै गरिरहेका छन् । उनीहरूले कूल नाफाको दुई प्रतिशत त्यस क्षेत्रमा सहयोग त गरेकै छैनन् ।

बैंकले ऋण उठाउने नाममा कुनै व्यक्तिलाई आत्महत्या गर्ने हदसम्म दबाब दिन मिल्दैन । व्यक्तिले ऋण नै तिर्न नसक पनि उसले बाँच्न पाउने अधिकार पहिलो हो । मानवीयता त बैंकको नाफा वा ऋण असुलीभन्दा पहिलो प्राथमिकता हुनुपर्ने हो । एकातिर बैंकहरूले सामाजिक उत्तरदायित्व, गरिबहरूको सेवा गर्ने भन्दै करोडौं बजेट छुटयाएझैं गर्ने, कहीं कतै कनिका छरेझैं पनि गर्ने अर्कोतिर गरिबहरू १०-२० लाख ऋण समयावधिमै तिर्न नसक्दा मृत्युवरण गर्नुपर्ने अवस्थाको सिर्जना गरिदिने पनि गरेका घटनाहरू छन् । अन्त्यमा, बैंकहरूले अवार्ड प्राप्त गर्न गर्ने खर्च सामाजिक उत्तरदायित्व वहन गर्न गरेको अवस्थामा बैंकको जनताप्रतिको विश्वास र भरोसा पनि बढ्छ । त्यसले एउटा तह र तप्काका अभावग्रस्त मान्छेहरूको आवश्यकता पनि पूर्ति हुने छ । *रासस*

# जनता जगाउने अभियानमा राप्रपा



■ जीतबहादुर लामा

मुलुकको राजनीतिक अवस्था स्थिर छैन । आर्थिक अवस्था डामाडोल छ । व्यापार व्यसाय ठप्प छ । राजमार्गदेखि गाउँ जोड्ने सडक वर्षात्का कारण कामै नलाग्ने अवस्थामा छन् । राज्यको ध्यान समयमै नपुगेकाले यो अवस्था उत्पन्न भएको हो । देशमा बेरोजगारीको संख्या दिनदिनै बढिरहेको छ । शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रमा राजनीतिकरण छ । व्यापारमा नियमन छैन । व्यापारीको मनलागी छ । सुशासन नारा र भषणमै सीमित छ । जताततै भ्रष्टाचार मौलाएको छ ।

विकास निर्माणका काम ठप्प छन् । सरकारको नीति राम्रो नभएकोले ठेक्का लागेका विकास निर्माण कामहरू समयमै सम्पन्न नभई ठेकेदारहरू भागेको अवस्था छ । जताजतै विकृति छ । कुन दिन देश श्रीलंका वा बंगलादेशजस्तो हुने हो भनेर चिन्ता लिनुपर्ने अवस्था छ । देशमा अराजकता छ । दलका नेतामात्र मोटाइरहेको अवस्था छ । राजनीतिबाट जनतालाई वितृष्णा उत्पन्न हुँदै गएको देखिन्छ । 'राजा नभएपछि देश यस्तै हुन्छ' भन्ने जनआवाज उठिरहेका छन् ।

हुन पनि देश बचाउन पहिला हामी सबै सजग हुनुपर्ने समय आएको छ । देश रह्यो भनेर हामी भोलि पनि राजनीति गरौंला, देशै रहेन भने हामी कहाँ गएर बस्ने ? त्यसैले पहिला देश बचाउने, देश बनाउने बाटोमा सक्रिय होऔं । आपसका झैझगडा बिर्सेर देशका लागि हामी सबै एकजुट हुने बेला आएको छ ।

त्यसो त भ्रष्टाचार गाउँदेखि केन्द्रसम्म फैलिरहेको छ । अब हरेक किसिमका भ्रष्टाचार अन्त्य नगर्ने हो भने सर्वसाधारणले ठूलो दुःख पाउने अवस्था छ । किनभने भ्रष्टाचारमै ठूला दलका नेताहरू संलग्न छन् । भ्रष्टाचारमा संलग्न हुने अनि विभिन्न प्रपञ्च गरेर नेताहरूले सफाइ पाइरहेको अवस्था छ । राजनीतिक पहुच नभएकाहरू अकारण पनि भ्रष्टाचारमा फस्दै गएको देखिन्छ ।

त्यसो त भ्रष्टाचारको अनुसन्धान गर्ने निकाय अख्तियार दुरूपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्त, आयुक्तजस्ता पद राजनीतिक भागबण्डाकै आधारमा गर्ने गरिएका छन् । त्यसैले अख्तियारका प्रमुख आयुक्त, आयुक्तले निर्णय गर्दा नेताको मुख हेरेर निर्णय गरिरहेको भनिन्छ, यो सत्य पनि हो । पहिला अख्तियारजस्ता निकायलाई स्वच्छ र पारदर्शी नबनाई देशबाट भ्रष्टाचार अन्त्य होला भनेर कल्पना नगरे हुन्छ । सीधासाधा फस्ने राजनीतिक पहुचवालाले भ्रष्टाचारमा उन्मुक्ति पाउने अवस्था कति दिन रहने ? माथिल्लो निकायमा शुद्धता नभएका कारणले सबैतिर भ्रष्टाचार मौलाएको हो । जबसम्म नेतृत्वले नीतिगतरूपमा भ्रष्टाचार बन्द गर्न जिम्मेवारी वहन गर्दैनन् तबसम्म जुनसुकै निकायमा भ्रष्टाचार मौलाइरहन्छ ।

विकास निर्माण नहुनुमा राज्यको दीर्घकालीन योजना नहुनु नै प्रमुख कारण हो । आजसम्म कुन सरकारले वैज्ञानिक योजना ल्याए त ? कति वर्षपछि यो-यो काम हुन्छ भने त ? योजना ल्याए त ? भूमि सुधार राजा महेन्द्रले नै लागू गरेका हुन् । त्यसैलाई नै अहिलेसम्म निरन्तरता दिइरहेको अवस्था छ । भूमि बैंकको कुरा नाराम्रो सीमित छ । भूमि सम्बन्धमा जनताले धेरै दुःख पाइरहेका छन् । त्यसमाथि देशमा सोचेजस्तो विकास नहुनुको प्रमुख कारण राजनीतिक पार्टीका नेताहरू इमान्दार र वफादार नहुनु नै हो ।

यही अवस्थाबीच राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) योजनाबद्ध रूपमा सडक र सहजबाटै आफ्नो एजेण्डा स्थापित गर्न कटिबद्ध छ । यस क्रममा राप्रपाले देशभर भएका भ्रष्टाचारका कुरा प्रमुखरूपमा उठाइरहेको छ । राजतन्त्र र हिन्दूराज्य पुनःस्थापना राप्रपाको प्रमुख लक्ष्य हो । यो उद्देश्य पूरा गर्न राप्रपा गाउँ-गाउँ, टोल-टोल, जिल्ला-जिल्ला पुगिरहेको छ । 'मन मनमा राप्रपा घर घरमा राप्रपा' भन्ने मूल नारामा राप्रपा सक्रिय छ । राप्रपा आफ्ना एजेण्डामा अडिग छ । राप्रपाले अभिभावकीय राजतन्त्र र हिन्दूराज्यको जुन एजेण्डा बोकेको छ, यो एजेण्डा पूरा गरेरै छाड्छ । हामी जनतालाई जागृत पार्न गाउँ-गाउँ, टोल-टोल, जिल्ला-जिल्लामा पुगेका छौं ।

प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री र संवैधानिक राजसंस्था हाम्रो पार्टीको बटमलाइन हो । राष्ट्रपति गुटको मात्र हुन्छ, पार्टीको मात्र हुन्छ, पार्टीकै सदस्यबाट आउँछन् । तर, राजसंस्था सबैको हुन्छ । विश्वमा राजसंस्था भएका मुलकहरू विकसित हुन् र नेपालको तुलना गरौं । राप्रपाले राजसंस्था पुनःस्थापना गर्न धार्मिकसभा, कोणसभा र आमसभा गरी जनतालाई जागृत गरिरहेको छ । हाम्रो एजेण्डा पूरा गर्न राप्रपा आफ्नो सम्पूर्ण शक्ति लगाइरहेको छ । जनतालाई घरदैलोमै पुगेर जनतालाई बुझाइरहेका छौं । जब सबै जनताले बुझ्छन् त्यो दिन हाम्रो एजेण्डा स्थापित हुने छ ।

*(लेखक राप्रपा काठमाडौं क्षेत्र नं. ९ का क्षेत्रीय अध्यक्ष हुन्)*




## निश्चलको निर्देशनमा 'डेनी डेन्जरस' बन्ने

गत वर्षको सुपरहिट फिल्म 'दिमाग खराब' बाट ६ वर्षपछि निर्देशनमा फर्किएका निश्चल बस्नेतले अब फिल्म 'डेनी डेन्जरस' बनाउने भएका छन् । बुधबार एक थिम पोस्टर सार्वजनिक गर्दै उनले फिल्मको घोषणा गरेका हुन् । यो निश्चलको पाँचौं निर्देशकीय फिल्म हुनेछ । निश्चलकै कम्पनी ब्ल्याक हर्स पिक्चर्सको ब्यानरमा निर्माण हुन लागेको फिल्मलाई सन् २०२५ मा रिलिज गरिने पोस्टरमा उल्लेख छ । फिल्ममा अभिनय गर्ने कलाकारको बारेमा भने जानकारी गराइएको छैन । यो फिल्मको छायांकन तिहारपछि सुरू गरिने बताइएको छ ।






# चर्चित संगीतकारको रोजाईका मनोज



■ प्रभाव संवाददाता

**काठमाडौं–** ध्वनी सम्पादनको प्रसंग आँउदा साथ छुटाउनै नहुने नाम हो, मनोज परियार । सात सय भन्दा बढी गीतमा ध्वनी सम्पादनको काम गरिसकेका मनोजका थुप्रै गीतहरू चर्चित छन् । जनजिब्रोमा झुण्डिएका 'जलजला', 'जोवन', 'भिरमौरी', 'निरमाया ठूली', 'इतिहास', 'राजारानी' जस्ता दर्जनौं गीतमा मनोजले नै ध्वनी सम्पादन गरेका हुन् ।

गायक गायिकाको स्वरलाई श्रृगार्न सिपालु मनोज गीतमा प्रयोग भएका बाजाको ध्वनी लेभल ब्यालेन्स गर्नमा पनि उत्तिकै प्रफेक्ट छन् । त्यसैले त पछिल्लो समय चर्चामा रहेका संगीतकारहरूको पहिलो रोजाईमा मनोज पर्ने गर्छन । आशिस अविरल, बसन्त थापा, श्रीकृष्ण बम मल्ल, किरण कँडेल, शुशिल बिश्वकर्मा, दिपक शर्मा, राजेन्द्र बजगाई, भिम बिसीजस्ता चर्चित तथा सफल संगीतकारहरूको रोजाईमा मनोज नै पर्ने गरेका छन् । कारण, उनले निकै संवेदनशिल भएर कुनै पनि गीतलाई उत्कृष्ट बनाउन गर्ने मेहनत र उनको क्षमता नै प्रमुख हो ।

डिजिटल प्रबिधीको प्रयोगले गीतको मिक्सिङ तथा मास्टरिङको काम सहज भएको छ । यद्यपी मिक्सिङ तथा मास्टरिङ गर्ने ध्वनी सम्पादकहरूको जिम्मेबारी थप बढीरहेको छ । प्रत्येक बाजा तथा भोकलको लेभल मिलाउने, सुर र ताल लागेन भने अटो ट्युन प्रयोग गरेरै भएपनि गायक गायिकाको स्वरलाई प्रफेक्ट बनाइदिने जिम्मेबारी ध्वनी सम्पादक मनोजकै हो । जसरी होस् गीतलाई उत्कृष्ट बनाएर श्रवण योग्य बनाउन ध्वनी सम्पादक मनोजको भूमिका महत्वपूर्ण छ ।

हुन त गीत भन्दा बित्तिकै गायक गायिका, गीतकार तथा संगीतकारको नाम बढी आउने गर्छ । यद्यपी पर्दा पछि काम गरेरै पनि मनोज चर्चित छन् । कारण, उनले गर्ने उत्कृष्ट कर्म हो । संगीत बुझ्नेहरूले उनका गीत सुनेरै उनलाई पछ्याउन थाले । त्यसैले त आज ध्वनी सम्पादनको कुरा गर्दा अग्र सूचिमा मनोजकै नाम आउने गर्दछ ।

प्रबिधीको बिकासले गीत तयार गर्न सहज भएको छ । तर, प्रबिधीकै सहायतामा गायक गायिका हुनेहरूको भिडले ध्वनी सम्पादकहरूको हैरानी पनि बढीरहेको छ । थुप्रै गायक गायिका संगीत सिकेर सुरका पक्का भएर गायनमा आउने गरेको भए पनि पछिल्लो पुस्ताका केही गायक गायिकाले भने प्रबिधिकै प्रयोगमा सुर लगाउन खोज्ने गरेको मनोजको बुझाई छ । भोकल लेभल मिलाउने देखि अटो ट्युन प्रयोग गरेरै भएपनि गीतलाई उत्कृष्ट बनाउन पछि पर्दैनन् मनोज ।

एकदशक लामो करियरमा मनोजले कयौं गायकगायिकको स्वरलाई श्रृगारेका छन् । आफ्नो काममा इमान्दार, लगनशिल अनि मेहनती मनोजले जसरी ध्वनी सम्पादन मार्फत लाखौको मन जितेका छन् त्यसैगरि बिभिन्न अवार्डहरू पनि प्राप्त गरेका छन् । उनले जिनियस म्युजिक अवार्ड २०७६, ज्योति फिल्म एण्ड म्युजिक अवार्ड २०७७, छायाँछवी तिज म्युजिक अवार्ड २०७८, क्वालिटी इन्टरटेनमेण्ट अवार्ड २०७८, नीम अवार्ड २०७८ रारा रास्ट्रिय म्युजिक अवार्ड २०८०लगायतका अवार्डमा उत्कृष्ट ध्वनी सम्पादकको अवार्ड प्राप्त गरेका छन् ।

एकदशक लामो करियरमा मनोज आफुले बुझेको यही यर्थाथ नवप्रवेशी गायक गायिकालाई बुझाउने अभियानमै छन् यतिबेला । आफु सहसचिव भई काम गरिरहेको राष्ट्रिय लोक साँस्कृतिक संघ नेपाल मार्फत मनोज नवप्रवेशी गायक गायिकालाई संगीत सिकेर आउनु पर्छ भनेर जागरूप बनाउन लागिपरेका छन् । संगीत निरन्तरको साधना हो भन्ने बुझेका मनोजले संगीतको साधनाले नै स्वरमा मिठास ल्याउनुका साथै सुरको पक्का भइन्छ भनेर नवप्रवेशी गायक गायिकालाई संगीत सिक्न प्रेरित समेत गरिरहेका छन् ।

# दयाहाङ र आँचल अभिनित 'दुखी आत्मा'को सुटिङ सुरू

■ प्रभाव संवाददाता

**काठमाडौं–** दयाहाङ राई र आँचल शर्मा स्टारर फिल्म 'दुखी आत्मा' को सुटिङ सुरु भएको छ । दीपेन्द्र लामाको लेखन,निर्देशन रहेको फिल्मको गत सोमबार अर्थात् २४ गतेबाट राजधानीका बिभिन्न स्थानमा सुटिङ भइरहेको छ ।

सुटिङ सुरुसँगै 'दुखी आत्मा' को सेटबाट दयाहाङ र आँचलको केही तस्विर बाहिरिएको छ । हिमाल कडरिया निर्माता रहेको फिल्ममा दयाहाङ र आँचलका साथमा अनुपविक्रम शाही, बुद्धि तामाङ, पुस्कर गुरुङ, कविता आले, शिसिर वाङ्देल, आशान्त शर्मा, लोकेन्द्र लेखक, अंकित खड्का, लुनिभा तुलाधर, आरती आचार्य, निमा पाण्डे, इंगीहोपो कोइच सुनुवार, यासेली योङहाङलगायतले अभिनय गर्दैछन् ।

पूरा फिल्म काठमाडौं उपत्यका सेरोफेरोमा खिचिने जानकारी निर्देशक लामाले दिएका छन् । निर्माता कडरियाले आफूहरूले फिल्म भरपुर मनोरञ्जक बनाउन कुनै कसर बाँकी नराख्ने बताएका छन् ।



निर्देशक लामा र निर्माता कडरियाले यसअघि निर्माण गरेको 'नाङ्गो गाउँ' सुपरहिट भएको थियो । क्लक वर्क कृएसन्सको ब्यानरमा रहेको 'दुखी आत्मा' सोसियल कमेडी फिल्म हो । आलोक शुक्लाको छायांकन,सुशान्त गौतमको संगीत र रामजी लामीछानेको कोरियोग्राफी रहेको फिल्मको प्रोडक्शन म्यानेजर सुदीप ढकाल छन् ।

आरआर फिल्मस्ले बितरण गर्ने फिल्मको रिलिज मिति सुटिङ सकिएपछि मात्रै तय गरिने जानकारी निर्माता कडरियाले दिएका छन् ।

# 'तेल भिसा'को दोस्रो गीत सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी मंसिर ७ गतेदेखि प्रदर्शन हुन लागेको फिल्म 'तेल भिसा'को दोस्रो गीत 'तुकुनको मुकुन मन पऱ्या' सार्वजनिक गरिएको छ ।

कृष्ण भारद्वाजको संगीत तथा निर्विकल्पम, कृष्ण भारद्वाज, शंकर अधिकारी (घायल) र नवीन बिकको शब्द रचना रहेको गीतमा शान्तिश्री परियार र साइराज खातीको गायन छ । रामजी लामिछानेको नृत्य निर्देशन रहेको गीतमा फिल्मका शीर्ष अभिनेता विपिन कार्की, अभिनेत्री पूजा चन्दसहितका कलाकारहरू नृत्य गर्दै प्रस्तुत छन् ।



गीतको सेटअपले बिहेको माहोल दर्शाउँछ । विपिन र पूजा श्रीमान्-श्रीमतीको रूपमा देखिएका छन् ।

शंकर घिमिरेको लेखन तथा निर्देशनमा तयार भएको फिल्ममा विपिन अर्धवैसे र जवान गरी दोहोरो भूमिकामा छन् । फिल्ममा वर्षा राउत, ऋचा घिमिरे, बुद्धि तामाङ, सुचित्रा उप्रेती लगायतको पनि अभिनय छ ।

ऋचा घिमिरे प्रस्तुतकर्ता रहेको 'तेल भिसा'मा अनिल पाण्डे र शिवराज कार्की निर्मातामा छन् । प्रिन्स युवराज कार्की र श्रुती दाहाल कार्यकारी निर्माता रहेको फिल्ममा सुशन प्रजापतिको छायांकन तथा अजय खड्काको सम्पादन छ ।



# महिला उद्यमी महासंघद्वारा पलेशा सम्मानित

■ प्रभाव संवाददाता

**काठमाडौं–** महिला उद्यमी महासंघ नेपालले पारा तेक्वान्दोकी ऐतिहासिक पदक विजेता पलेशा गोवर्धनलाई नगद पुरस्कारसहित सम्मान गरेको छ ।

महिला उद्यमी महासंघ नेपालले आफ्नो २१औं वार्षिक साधारण सभाको अवसरमा बिहीबार पलेशालाई नगदसहित सम्मान गरेको हो ।

बानेश्वरस्थित आनन्दभूमि इभेन्ट्समा भएको साधारण सभाको उद्घाटन सत्रको अवसरमा पेरिस पारालिम्पिकमा कांस्य विजेता पलेशा सम्मानित भएकी हुन् । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव कृष्णबहादुर राउत र महासंघकी अध्यक्ष शोभा ज्ञवालीले पलेशालाई सम्मानपत्र र नगद ५० हजार ५ सय रूपैयाँसहित सम्मान गरेको हो । अध्यक्ष ज्ञवालीले आफ्नो व्यक्तिगत तर्फबाट पलेशालाई नगद सम्मान गरेकी हुन् । पलेशाले जितेको पदक नेपाली खेलकुदको अहिलेसम्मकै ठूलो सफलता हो ।



ऐतिहासिक सफलता प्राप्त गरेकी पलेशालाई सम्मान गर्न पाउँदा गौरान्तिवत महसुस भएको महिला उद्यमी महासंघकी अध्यक्ष ज्ञवाली बताइन् । सो अवसरमा ज्ञवालीले पलेशाको अथक मिहिनेतबाट यो ऐतिहासिक सफलता प्राप्त भएको उल्लेख गर्दै उनलाई सम्मान गर्न पाउँदा महिला उद्यमी महासंघ नेपाल निकै हर्षित भएको बताइन् । पलेशाको यो यात्रा दृढ संकल्प, साहस र समर्पणको एउटा अद्वितीय उदाहरणको रूपमा रहेको महासंघकी अध्यक्ष ज्ञवालीको विश्वास छ ।

ज्ञवालीले पलेशाको सफलताले खेलक्षेत्र मात्र नभई समाजमा रहेका हरेक महिलालाई असम्भव देखिएका कुराहरूलाई सम्भव बनाउन प्रेरणा मिल्ने आशा व्यक्त गरिन् । पलेशाले यो प्रतिस्पर्धामा लड्नभन्दा अगाडि समाजसँग लड्न आफूले धेरै चुनौतीको सामना गर्नु परेको उल्लेख गर्दै आफूमा आत्मविश्वास र दृढ संकल्प भए हरेक अफ्ठ्यारा परिस्थिति पार गर्न सकिने बताइन् । महिला उद्यमीबाट सम्मान पाउँदा आफूलाई धेरै गर्विलो महसुस भएको उनको भनाइ थियो । उक्त कार्यक्रममा पलेशाका पिता प्रदीप गोवर्धनलाई पनि सम्मान गरिएको थियो ।

# काभा पुरुष यु–२० च्याम्पियनसिप खेल्ने टोली घोषणा

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल भलिबल संघले काभा पुरुष यु-२० च्याम्पियनसिपका टोली घोषणा भएको छ ।



बिहीबार बन्द प्रशिक्षणमा रहेका १८ खेलाडीबाट टोलीमा पर्न सफल १२ जनाको नाम सार्वजनिक गरेको हो । बन्द प्रशिक्षण भदौ ८ गतेदेखि सुरु गरिएको थियो । बन्द प्रशिक्षणबाट रहेका रेशम विक, सौरभ फुन्जेल, सरोज बर्देवा, सुनिल बोहोरा, युक्सन थापा र अभिषेक थापा बाहिरिएका छन् ।

सेन्ट्रल एसियन भलिबल एसोसिएसनले आयोजना गर्ने प्रतियोगिता अक्टोबर ३ देखि ९ सम्म श्रीलंकाको कोलम्बोमा हुनेछ ।

**नेपाली टोली**

विश्वास अधिकारी, सागर रसौली, अशोक राना, पहल गहतराज, सुरेश मल्ल, शैलेन्द्र यादव, सूर्य विक, अर्जुन नेपाली, जितबहादुर कार्की, सुजन सुनार, रेसमन राहादी र दिनेश कुँवर

# इंग्ल्यान्डमाथि अस्ट्रेलिया विजयी

■ एजेन्सी

**इंग्ल्यान्ड–** विश्व क्रिकेटमा इंग्ल्यान्डको नयाँ युग खराब ढङ्गले चलेको छ । गएको तीन महिनामा इंग्ल्यान्डले अस्ट्रेलियासँग लगातार दोस्रो हारको सामना गरेको छ ।

जुन महिनामा बारबाडोसको ओभलमा ३६ रनको हार सहेको इंग्ल्यान्डले हम्पसायरमा २८ रनको हार खाएको हो ।

अस्ट्रेलियाले बनाएको १७९ रनको जवाफमा ब्याटिङ गरेको इङ्गल्यान्ड १५१ रनमा सीमित भएको हो ।

कप्तान फिल साल्ट तथा प्रशिक्षक मार्कस ट्रेस्कोथिकको साथमा मैदानमा उत्रेको इंग्ल्यान्डका लागि फेरि एक पटक अस्ट्रेलियाका ट्रेभिस हेड घातक भए । हेडले २३ बलमा ८ चौका र ४ छक्काको सहयोगमा ५९ रन जोडे । उनले म्याथ्यु सर्टसँग मिलेर पहिलो विकेटका लागि ८६ रनको साझेदारी गरे । सर्टले ४१ रन जोडे ।

१८० रनको लक्ष्य पछ्याएको इंग्ल्यान्ड ४ बल बाँकी रहँदा १५१ रनमा सीमित भएको हो । इंग्ल्यान्डलाई कम योगफलमा सीमित गर्ने क्रममा सियोन एबोटले ३.२ ओभरमा २८ रन खर्चेर ३ विकेट लिए । इंग्ल्यान्डका लियाम लिभिङस्टोनले २७ बलमा ३७ रन प्रहार गरे । यसैगरी कप्तान साल्टले १२ बलमा २० रन जोडे ।

वर्षाको कारण टस ढिला भएको खेलमा अस्ट्रेलियाले सुरुवात गरे जस्तो शानदार ढङ्गले पारीको अन्त्य गर्न सकेन । पहिलो पावर प्लेकै एक बल बाँकी रहँदा बिना कुनै विकेटको क्षति ८६ रन जोडेको अस्ट्रेलियाले त्यसपछि ९३ रन जोड्दै बाँकी १० विकेट गुमाएको हो । ३ बल बाँकी रहँदा नै अस्ट्रेलिया अल आउट भएको थियो ।

२०० रनको आँकडा पार गर्ने गतिमा अघि बढी रहेको अस्ट्रेलियालाई रोक्ने क्रममा स्पिनर अदिल रसिद र लियामस्टानले गरेका थिए ।

रसिदले चार ओभरमा २३ रन खर्चेर १ विकेट लिए । लिभिङ स्टोनले ३ ओभरमा २२ रन खर्चेर ३ विकेट लिए । यी २ स्पिनर जम्नु अघि हेड र सर्टले पहिलो ३५ मध्यका १५ बलमा छक्का या चौका प्रहार गरेका थिए ।

# टी–ट्वान्टी विश्वकप एसिया छनोटका लागि २९ खेलाडी छनोट

■ प्रभाव संवाददाता

**काठमाडौं–** आइसीसी यू-१९ महिला टी-ट्वान्टी विश्वकप एसिया छनोटका लागि पहिलो चरणमा २९ खेलाडी छनोट भएका छन् ।

नेपाल क्रिकेट सङ्घ (क्यान)ले बिहीबार सार्वजनिक गरेको प्रेस विज्ञप्तिअनुसार पूजा महतो, सोनी पाख्रिन, ऐली यादव, किरणकुमारी कुँवर, त्रिशना विक, मनिषा उपाध्याय, रिया शर्मा, करिश्मा गुरुङ, पूजा साउद, विपसा शाही, साना प्रविण, प्रतिमा शाह, स्नेहा महरा र सावित्रा धामी छनोटमा परेका छन् ।



त्यस्तै अनु कडायत, मनिषा बोहोरा, करिश्मा थापा, रविना साउद, सुस्मिता भुसाल, अलिशाकुमारी यादव, भवानी कमाती, आरती महतो, पुजा महतो, कुशम गोदार, सीमाना केसी, ज्योत्सनिका मरासिनी, निरु जीटी, सेरिना थापा, रचना चौधरी र आस्मा पुलामी मगर पहिलो चरणमा छनोटमा भएका छन् ।

टि-ट्वान्टी विश्वकप एसिया छनोट आगामी नोभेम्बरमा युएईमा हुने क्यानले जनाएको छ ।

# विश्वको आधाभन्दा बढी जनसंख्याको सामाजिक सुरक्षामा पहुँच : *राष्ट्रसंघ*

**जेनेभा–** विश्वव्यापीरूपमा पहिलोपटक आधाभन्दा बढी जनसंख्याको कुनै न कुनै प्रकारको सामाजिक सुरक्षामा पहुँच भएको संयुक्त राष्ट्रसंघले बिहीबार जनाएको छ । यद्यपि, अझै पनि जलवायु परिवर्तनको प्रभावलगायत अन्य विषयको न्यूनीकरण आवश्यक रहेको राष्ट्रसंघले जनाएको छ ।

राष्ट्रसंघको अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ)ले हालै सार्वजनिक गरेको एक प्रतिवेदनअनुसार विश्वको ५२.४ प्रतिशत जनसंख्याले सामाजिक सुरक्षाको लाभ प्राप्त गरेको छ । विश्वको आधाभन्दा बढी मानिसहरूले सामाजिक सुरक्षामा आफ्नो पहुँच सुनिश्चित गरेको यो पहिलो रेकर्ड हो ।

'यो स्वागतयोग्य प्रगति हो । तर अप्रकाशित वास्तविकता यो पनि हो कि अझै पनि ३.८ अर्ब मानिसहरू पूर्णरूपमा असुरक्षित छन्,' विश्वव्यापीरूपमा तीन चौथाइभन्दा बढी बालबालिकाको अझै पनि कुनै पनि किसिमको सामाजिक सुरक्षा प्राप्त नगरेको जानकारी गराउँदै आइएलओले आफ्नो प्रतिवेदनमा भनेको छ ।

आइएलओले सामाजिक सुरक्षा क्षेत्रमा स्वास्थ्य सेवामा पहुँच र विशेषगरी बुढ्यौली, बेरोजगारी, रोगी, अशक्तता, प्रसूति वा परिवारमा मुख्य आम्दानी गर्ने व्यक्तिको मृत्यु साथै बच्चा भएका परिवारहरूका लागि सम्बन्धित आय सुरक्षा उपायहरूको पहुँच समावेश गरेको छ ।

'सामाजिक सुरक्षाको सन्दर्भमा विश्वमा रहेको भिन्नता हटाउन ढिलो भइरहेको छ,' आइएलओले चेतावनी दियो, 'यही गतिमा विश्वका हरेक मानिसलाई कम्तीमा एउटा सामाजिक सुरक्षामा समावेश गराउन थप ४९ वर्ष लाग्ने छ,' प्रतिवेदनमार्फत चेतावनी दिइएको छ ।

आइएलओ प्रमुख गिल्बर्ट होङ्बोले जलवायु परिवर्तनबाट सबैभन्दा बढी प्रभावित विश्वका धेरै देशमा देखिएको सामाजिक सुरक्षा दरमा विशेष चिन्ता व्यक्त गरेका छन् । 'यस संकटको सबैभन्दा क्रूर परिणाम भोगिरहेका देश वातावरणीय र जीविकोपार्जनका परिणामहरू सामना गर्न असक्षम छन्,' उनले भने ।

जलवायु संकटको सबैभन्दा जोखिममा रहेका २० देशको कूल ९१.३ प्रतिशत अझै पनि कुनै पनि प्रकारको सामाजिक सुरक्षाको अभाव रहेको बिहीबार सार्वजनिक भएको प्रतिवेदनले जनाएको छ । आइएलओले सार्वजनिक गरेको प्रतिवेदनले सामाजिक लाभले मानिसलाई आय सुरक्षा र स्वास्थ्य सेवामा पहुँचजस्ता कुराहरू सुनिश्चित गरेर जलवायुसम्बन्धी आघात अनुकूल बनाउन र सामना गर्न मद्दत गर्न सक्छ भन्ने कुरा औंल्याएको छ ।

आइएलओले विश्व हाल दुई धेरै फरक र भिन्न सामाजिक सुरक्षा मार्गहरूमा रहेको चेतावनी दिएको छ । उच्च आय भएका देशहरूको लगभग ८६ प्रतिशत जनसंख्या सामाजिक सुरक्षाको पहुँचमा छन् । उच्च-मध्यम-आय भएका देशका ७१.२ प्रतिशत जनसंख्याले समाजिक सुरक्षाको लाभ लिइरहेका छन् भने कम-मध्यम-आय भएका देशको ३२.४ प्रतिशत जनसंख्या सामाजिक सुरक्षाको पहुँचमा रहेको प्रतिवेदनले जनाएको छ ।

उच्च आय भएका देशहरूले सामाजिक सुरक्षाको क्षेत्रमा आफ्नो कुल गार्हस्थ उत्पादनको १६.२ प्रतिशत खर्च गर्छन् भने जलवायु परिवर्तनको जोखिममा रहेका देशसहित कम आय भएका देशहरूले मात्र ०.८ प्रतिशत खर्च गर्छन् । गरिब देशहरूलाई कम्तीमा आधारभूत सामाजिक सुरक्षा सुनिश्चित गर्न एक वर्षमा थप तीन खर्ब आठ अर्ब ५० करोड डलर चाहिन्छ र त्यो लक्ष्यमा पुग्न अन्तर्राष्ट्रिय समर्थनको आवश्यकतामा आइएलओले जोड दिएको छ । *रासस/एएफपी*

# पूर्वी एसियामा लाखौं मानिस बाढीबाट प्रभावित, २०० भन्दा बढीको मृत्यु



**हनोई–** दक्षिणपूर्वी एसियाका लाखौं मानिसले चक्रवात यागीका कारण प्रभावित हुनुपरेको छ । चक्रवातपछि भएको व्यापक बर्षाले निम्त्याएको बाढीका कारण यस क्षेत्रका २०० भन्दा बढी मानिसहरूले ज्यान गुमाएका छन् । बाढीका कारण यस क्षेत्रका घरहरू डुबानमा परेका छन् भने बिजुली लगायतका पूर्वाधारसमेतमा क्षति पुगेको छ ।

सबैभन्दा बढी प्रभावित भियतनाममा यागीका कारण मृत्यु हुनेको संख्या १९७ पुगेको छ भने उत्तरी थाइल्यान्डमा नौ जनाको मृत्यु भएको पुष्टि भएको छ ।

यागीको साताव्यापी प्रहारले भारी वर्षा भएको र बर्षाका कारण आएको बाढीले उत्तरी भियतनाम, लाओस, थाइल्यान्ड र म्यानमारको भूभागलाई डुबाएको छ । संयुक्त राष्ट्रसंघीय बाल निकाय (युनिसेफ) ले चक्रवातले भियतनाममा १४ लाखभन्दा बढी घर क्षतिग्रस्त भएको जनाएको छ ।

युनिसेफले सबैभन्दा बढी प्रभावित क्षेत्रहरूमा घर, स्वास्थ्य केन्द्र र विद्यालयहरूका लागि पानी उपलब्ध गराएको छ भने आगामी दिनमा भियतनामी सरकारलाई चिकित्सा र सरसफाइसम्बन्धी सामग्री पठाउने जनाएको छ । बाढीका कारण २५ लाख हेक्टरभन्दा बढीक्षेत्रमा लगाएको बालीमा क्षति भएको र ठूलो संख्यामा गाईवस्तुहरू मरेका भियतनामको कृषि मन्त्रालयले जनाएको छ ।

युनेस्कोको विश्व सम्पदास्थल लुआङ प्रबाङमा मेकोङ बिहीबार बाढीको प्रभाव उच्चस्तरमा पुग्ने अपेक्षा गरिएको आयोगले बुलेटिनमा जनाएको छ । यागीका कारण थाइल्यान्डमा मृतकको संख्या नौ पुगेको र चियाङ माई प्रान्तमा छ जनाको मृत्यु भएको विपद् रोकथाम तथा न्यूनीकरण विभागले जनाएको छ ।

यसैगरी चियाङ माई विमानस्थल लागि सबै उडानहरू स्थगित गरिएको उड्डयन अधिकारीहरूले बताएका छन् । म्यान्माको सिमानामा रहेको माई साई जिल्लाले ८० वर्षयताकै सबैभन्दा खराब बाढीको सामना गरिरहेको आन्तरिक मन्त्रालयका एक वरिष्ठ अधिकारी सुट्टीपोङ जुल्जारेर्नले विज्ञप्तिमार्फत जनाएका छन् ।

प्रधानमन्त्री पेतोङ्तार्न सिनावात्राले प्रभावित क्षेत्रमा सामान पठाउन आदेश दिएका छन् भने राहत कार्यमा सहयोग गर्न डुंगा, हेलिकप्टरलगायतका यातायात पठाउन सेनालाई परिचालन गरेका छन् । म्यानमाको सरकारी समाचारपत्र ग्लोबल न्यु लाइटले याङ्गुन र माङ्डलेबीचको मुख्य लाइनमा केही भागमा बाढीका कारण रेल सेवा स्थगित गरिएको जनाएको छ ।

जुलाईमा प्रकाशित एक अध्ययनले जलवायु परिवर्तनले तटीय क्षेत्रमा आँधीको प्रभाव तीव्र बनाएको र लामो समयसम्म यसको प्रभाव देखिने गरेको उल्लेख गरेको छ । *रासस/एएफपी*

# गाजास्थित एक विद्यालय परिसरमा इजरायली आक्रमण, १८ जनाको मृत्यु

**गाजा–** इजरायलले मध्य गाजामा विस्थापित प्यालेस्टिनीले आश्रय लिएको एक विद्यालयमा गरेको हमलामा राष्ट्रसंघका कर्मचारीसहित १८ जनाको मृत्यु भएको इजरायली सेनाले बुधबार जनाएको छ । गाजा युद्धको क्रममा नुसिरातको अल-जावनी विद्यालय परिसरमा पहिले नै धेरै पटक हवाइ हमला भइसकेको छ ।

पछिल्लो हमलामा राष्ट्रसंघद्वारा सञ्चालित सुविधालाई समेत प्रभावित बनाई आश्रय लिएका मानिसहरूलाई विस्थापित गरेको जनाइएको छ ।

'इजरायली सेनाले युएनआरडब्लुएद्वारा सञ्चालित अल-जौनी स्कुलमा पाँचौंपटक बम प्रहार गरेको छ । आक्रमणमा दुई युएनआरडब्लुए कर्मचारी, बालबालिका र महिलासहित १८ जनाको ज्यान लिएको छ । यसैगरी आक्रमणमा १८ भन्दा बढी घाइते भएका छन्,' गाजाका नागरिक सुरक्षा प्रवक्ता महमुद बासलले प्यालेस्टिनी शरणार्थीका लागि राष्ट्रसंघीय एजेन्सीलाई उद्धृत गर्दै टेलिग्राममा लेखेका छन् ।

युएनआरडब्लुएले नुसिरात विद्यालय क्षेत्रमा भएका इजरायली आक्रमणमा आफ्ना छ जना कर्मचारीको मृत्यु भएको जनाएको छ । मृतकमध्ये आश्रयका प्रबन्धक र विस्थापित मानिसलाई सहायता प्रदान गर्ने टोलीका अन्य सदस्यहरू रहेको राष्ट्रसंघीय निकायले जनाएको छ । गाजामा धेरै विद्यालयहरू विस्थापितलाई आश्रय दिन पुनःनिर्माण गरिएको छ भने विद्यालयमा बारम्बारको युद्धले बिथोलिएका गाजाको जनसंख्याको ठूलो हिस्साले आश्रय लिइरहेको छ ।

इजरायली सेनाले पछिल्लो समयमा यस्ता धेरै विद्यालयमा आक्रमण गर्दै प्यालेस्टिनी तथा विस्थापित नागरिकबीच लुकेको आरोप हमासले अस्वीकार गरेको छ । इजरायली सेनाले विज्ञप्तिमार्फत अल-जावनी क्षेत्रभित्र हमासको कमान्ड र नियन्त्रण केन्द्रमा 'सटिक आक्रमण' गरेको जनाएको छ । *रासस/एएफप*


## हार्दिक श्रद्धाञ्जली



जन्म
२०२८ जेठ १

स्वर्गारोहण
२०८१ भाद्र १६

**स्व. रविन दास श्रेष्ठ**

अनुभवी बचत तथा ऋण सहकारी संस्था, सामाखुसीका सञ्चालक समितिका उपाध्यक्ष आदणीय **रविन दास श्रेष्ठ** ज्यूको यही मिति २०८१ भाद्र १६ गते आइतवारका दिन भएको असामयिक निधनले हामी सबै स्तब्ध छौं । यस दुःखद् घडीमा उहाँको आत्माको चिर शान्तिको कामना गर्दै उहाँप्रति **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दै शोकाकुल परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछौं ।

**अनुभवी बचत तथा ऋण सहकारी संस्था लि., परिवार**
**सामाखुसी, काठमाडौं**


"प्रयोगमैत्री संरचना, शिक्षा, पर्यटन र कृषि, समतामुलक विकास इन्द्रसरोवरको समृद्धि"

## इन्द्रसरोवर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**कुलेखानी, मकवानपुर**
**बागमती प्रदेश, नेपाल**

## नदीजन्य पदार्थको विक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति: २०८१/०५/२८**

यस इन्द्रसरोवर गाउँपालिकाको तपसिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन तथा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्म नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | बोलपत्रको नाम | उत्खनन् परिमाण (घ.फिट) | न्युनतम वोलपत्र रकम रु. (सेवा शुल्क र मू.अ.क बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु) |
|---|---|---|---|---|---|---|
| १. | IRM/NCB/IRC/ 01-01 /081/082 | शेरा खोलाको निर्धारित क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन, संकलन, बिक्री तथा निकासी गर्ने | ४,४८,९३७.७० | ३१,४२,५६३.९७ | कबोल अङ्कको ५% | ५०००/- |
| २. | IRM/NCB/IRC/ 02-01/081/082 | कुलेखानी खोलाको ठूलोचौर क्षेत्र र ठूलोचौर देखि वडा नं. २/३ को सिमानामा रहेको हित्तल खोला र कुलेखानी खोला जोडिएको क्षेत्र सम्मको निर्धारित क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन, संकलन, बिक्री तथा निकासी गर्ने | ७,३९,४८९.१३ | ५१,७६,४२३.९१ | | ५०००/- |

- बोलपत्र पेश गर्ने मिति र समय: २०८१/०६/१३ दिनको १२ बजे
- बोलपत्र खोल्ने मिति, समय र स्थान: २०८१/०६/१३ दिनको १३ बजे, इन्द्रसरोवर गाउँ कार्यपालिकाको कार्यालय, कुलेखानी मकवानपुर
- **बोलपत्र सम्बन्धी कागजात खरिदको लागि बैंक खाता सम्बन्धी विवरण**
  - खाताको नाम: ग १.१ आन्तरिक राजश्व खाता (इन्द्रसरोवर गा.पा.)
  - खाता नं. ३५६०४०१०००००००८
  - बैंको नाम: ग्लोवल आइ एम इ बैंक, इन्द्रसरोवर शाखा, मकवानपुर
- **बोलपत्र जमानतको बैंक खाता सम्बन्धी विवरण**
  - खाताको नाम: ग घ स्थानीय तह धरौटी खाता (इन्द्रसरोवर गा.पा.)
  - खाता नं. ३५६०४०१००००००४
  - बैंको नाम: ग्लोवल आइ एम इ बैंक, इन्द्रसरोवर शाखा, मकवानपुर
  - ठेक्का स्वीकृत भएमा कबोल रकम तीन किस्तामा बुझाउनु पर्नेछ । ठेक्का सम्झौता अगाबै तीन किस्ता मध्ये प्रथम किस्ता (३३%) अग्रिम बुझाउनुपर्ने छ र बाँकि २ किस्ताको लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट मिति २०८२ भाद्र मसान्त सम्म म्याद भएको बैक जमानत पेश गर्नु पर्नेछ । साथै बाँकि दोस्रो किस्ता सम्झौता रकमको ३३% मिति २०८१/१०/३० गते सम्म र तेस्रो किस्ता सम्झौता रकमको ३४% मिति २०८२/०३/१५ गते बुझाउनुपर्नेछ । प्रथम किस्ता बुझाइ बैंक जमानत पेश गर्न समय थप गर्न माग गर्न पाइने छैन ।

बोलपत्र सम्बन्धी शर्तहरु तथा थप जानकारीका लागि indrasarowarmun@gmail.com, infra.indrasarowar@gmail.com, मा सम्पर्क गर्नुहोला । साथै www.bolpatra.gov.np बाट पनि Download गर्न सकिनेछ ।

*प्रमुख प्रशासकीय अधिकृत*


## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मल: स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्षे.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - १५३४०० | प्रति तोला - - | प्रति तोला - १७८० |

## अर्थतन्त्रमा सुधार भएको छ : गभर्नर अधिकारी

■ प्रभाव संवाददाता



**पाटन (ललितपुर)** – नेपाल राष्ट्र बैंकका गभर्नर डा महाप्रसाद अधिकारीले भूकम्प र कोभिडपछि खस्किएको अर्थतन्त्र पछिल्लो दुई वर्षमा सुधार भएको बताएका छन् ।

नेपाल खुला विश्वविद्यालय र कार्डिफ विश्वविद्यालयको संयुक्त आयोजनामा आज ललितपुरमा आयोजना भएको 'अर्थशास्त्र, वित्त र सम्बन्धित विषयमा आधारित अन्तर्राष्ट्रिय सम्मेलन'मा गभर्नर अधिकारीले भूकम्प र कोभिडपछि खस्किएको नेपालको अर्थतन्त्र क्रमशः सुधार हुँदै पछिल्लो दुई वर्षमा निर्माण, उद्योग र व्यापारको क्षेत्रले बढि प्रगति गरेको बताएका हुन् ।

'नेपालको वित्तीय सुधारसँगै राष्ट्र बैंकले मौद्रिक नीतिमा महत्वपूर्ण परिचालन सुधारको यात्रा पनि अघि बढाएको छ । २०१६/१७ मा ब्याज दर करिडोरको सुरुवात र २०२०/२१ मा रिजर्भ लक्ष्यबाट ब्याज दर लक्ष्यतिर सर्दै मौद्रिक नीति प्रसारणको प्रभावकारिता बढाउने उद्देश्यले यी परिचालन सुधारहरू क्रमशः हुँदै आएको छ ।' उनले भने, 'प्रभावकारी तरलता व्यवस्थापनका लागि २०२३/२४ मा स्थायी निक्षेप सुविधा, हालैका नीतिगत सुधारहरू, मौद्रिक नीति सञ्चालनको आधुनिकीकरण, ऋणको गुणस्तर अभिवृद्धि, डिजिटल बैंकिङ र फिनटेकलाई जोड दिने, आधुनिक भुक्तानी प्रणालीको विकास र त्यसलाई विश्व बजारमा एकीकरण गर्ने र वित्तीय सुदृढीकरणका उपायलाई निरन्तरता दिनेमा हाम्रा प्रयासहरू केन्द्रित रहेका छन् ।'

देशको दिगो आर्थिक वृद्धिलाई परलक्षित गर्दै राष्ट्र बैंकले मौद्रिक नीति ल्याउने गरेको र यस सम्मेलनले नेपालको आर्थिक तथा मौद्रिक क्षेत्रको विश्लेषणात्मक अध्ययन मा टेवा दिँदै नीति निर्माणमा पनि सघाउने उनले बताए ।

उनले विकसित विश्वव्यापी परिदृश्यमा नेपालको समष्टि आर्थिक अवस्था र दिगो र समावेशी वृद्धि सुनिश्चित गर्न सुधार गर्दै लचिलो वित्तीय क्षेत्र निर्माण गर्न आवश्यक छ भने । उनले विश्व बजारको अन्तरसम्बन्धलाई आर्थिक गतिविधिमा विश्वव्यापी झट्काको प्रभावलाई कम गर्न नीतिगत मेलमिलाप आवश्यक छ भने ।

गभर्नर अधिकारीले यस सम्मेलनले वित्तीय स्थिरता, मौद्रिक नीति र समग्र वित्तीय विकासमा प्रमाणमा आधारित नीतिगत अन्तरदृष्टि प्रदान गर्नेछ भन्ने विश्वास व्यक्त गरे । उनले यस सम्मेलनले शैक्षिक समुदाय र केन्द्रीय बैंकिङ संस्था बीचको गतिशील संवादलाई प्रोत्साहन गर्छ, प्रमाणमा आधारित नीति निर्माणलाई बढावा दिन्छ र आर्थिक विज्ञानको विकासमा योगदान पुर्‍याउँछ भने ।

## 'पूर्वाधार विकासका लागि पुँजीगत खर्च विनियोजन बढाइने'

■ प्रभाव संवाददाता

**काठमाडौं–** उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले पूर्वाधार विकासलाई प्राथमिकताका साथ अगाडि बढाउन पुंजीगत खर्च बढाउने सरकारको नीति रहेको बताएका छन् ।




भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, नेपाल उद्योग परिसङ्घ र लगानी बोर्डको संयुक्त आयोजनामा बिहीबारदेखि सुरु भएको नेपाल पूर्वाधार सम्मेलनको पाँचौं संस्करणमा उनले पूर्वाधार विकासका लागि विनियोजित बजेटको आधार बढाउने प्रतिबद्धता जनाएका हुन् ।

'सरकारले पूर्वाधार विकासका लागि पुँजीगत खर्च विनियोजनलाई बढाउँदै जाने नीति लिएको छ, पुँजीगत खर्च बढाउन विभिन्न कानुनी तथा प्रक्रियागत सुधारलाई अगाडि बढाउने र वैदेशिक सहायतालाई भौतिक पूर्वाधार विकासमा केन्द्रित गर्ने नीति छ', उनले भने, 'समस्त नेपालीको आकांक्षा 'समृद्ध नेपाल र सुखी नेपाली' हो । सरकार यही आकांक्षा साकार पार्न अनवरत लागिरहेको छ । समृद्ध नेपाल निर्माणको मूल आधार नै पर्याप्त, गुणस्तरीय, दिगो र उत्थानशील भौतिक पूर्वाधार विकास हो ।'

एक्काइसौं शताब्दी अनुकूल एवं नागरिकको चाहनाबमोजिम पूर्वाधार विकास एवं निर्माणमा सरकार केन्द्रित हुने उनको भनाइ छ । मन्त्री पौडेलले आर्थिक तथा वित्तीय अनुशासन एवं वित्तीय उत्तरदायित्व कायम गर्दै सार्वजनिक वित्त परिचालन एवं उपयोग गर्न चाहेको जानकारी दिए ।

'सरकारको एक्लो प्रयासबाट पूर्वाधार विकासको कमी पूरा गर्न सम्भव छैन । यसमा निजी क्षेत्र, बाह्य लगानीकर्ता, अन्तर र्राष्ट्रिय समुदाय एवं विकास साझेदारसमेतको उत्तिकै भूमिका रहन्छ', उनले भने, 'यसका लागि सरकारले वित्तीय नीति, मौद्रिक नीति एवं नियामकीय नीतिहरूमा समयानुकूल परिवर्तन एवं परिमार्जन गर्दै आएको छ । आगामी दिनमा यसलाई अझ अनुकूल बनाउँदै लैजाने प्रतिबद्धता यस अवसरमा व्यक्त गर्न चाहान्छु ।'

पूर्वाधार विकासमा पर्याप्त लगानी जुटाउन तथा निजी क्षेत्रलाई आकर्षित गरी पुँजी परिचालन गर्न नीतिगत तथा प्रक्रियागत सुधार आवश्यक रहेको मन्त्री पौडेलले बताए । सरकारी क्षेत्रको साथसाथै नवीन उपकरणहरूको उपयोग गर्दै आवश्यक लगानी जुटाउन सरकार सबै प्रकारको सहजीकरण गर्न तत्पर रहेको उनको भनाइ छ ।

'हामी पूर्वाधार विकासको हिसाबले कमजोर अवस्थामा छौं । भू-परिवेष्ठित अवस्थिति र जटिल भू-बनोटलाई हाम्रो पूर्वाधार विकासको मुख्य चुनौतीका रूपमा लिने गरिएको छ', उनले भने, 'सरकारले गुणस्तरीय तथा दिगो भौतिक पूर्वाधार र त्यसका विविध पक्षबीचको अन्तर आबद्धतालाई महत्वपूर्ण रूपमा लिएको छ । सरकारले यातायात, ऊर्जा, जलस्रोत, सूचना प्रविधिजस्ता प्रमुख पूर्वाधार क्षेत्रलाई केन्द्रित गर्दै बजेट विनियोजन तथा कार्यान्वयनलाई प्राथमिकता दिँदै आएको छ ।'

उनका अनुसार एकीकृत एवं समन्वयात्मक पूर्वाधार विकासका लागि तहगत सरकारबीच आपसी समन्वय, सहकार्य एवं सहयोगको उत्तिकै भूमिका रहन्छ । यसका लागि विकास नीति, योजना र कार्यक्रमबीच उपयुक्त सामञ्जस्यता कायम गर्न वर्तमान सरकार प्रतिबद्ध र क्रियाशील रहेको उनको भनाइ छ ।

'सीमित स्रोतसाधन र पूर्वाधार विकासका आकांक्षाबीचको सन्तुलन कायम गर्न आन्तरिक स्रोतबाट मात्र सम्भव छैन । पछिल्लो समय आन्तरिक राजस्व परिचालनको अवस्था दबाबमा रहेको र सार्वजनिक ऋणको भार बढ्दै गएकाले पूर्वाधार विकासका लागि स्रोतको जोहो गर्नु सरकारका लागि चुनौतीपूर्ण बन्दै गएको छ', उनले भने, 'यसैले हामीले निजी क्षेत्रको लगानी आकर्षित गर्न सम्मिश्रित वित्त, सार्वजनिक निजी साझेदारीलगायत अन्य सम्भाव्य विधिहरूको उपयोगका लागि आवश्यक प्रबन्ध गर्न प्राथमिकता दिएका छौं ।'

उनले विकास सहायतालाई छनोटपूर्ण बनाउँदै यसलाई राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा केन्द्रित गर्न जोड दिइएको बताएका छन् । 'सहायता परिचालनका नवीन उपकरणको प्रयोग र परिचालनमा विशेष ध्यान दिइएको छ, सहायता परिचालनलाई थप प्रतिफलयुक्त बनाउन नयाँ विकास सहायता परिचालन नीति तर्जुमा गर्ने काम भइरहेको छ', उनले भने ।

## कर्पोरेट

### ग्लोबल आइएमईलाई 'युरो मनी अवार्ड फर एक्सलेन्स' का दुई अवार्ड




**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिडेट 'युरो मनी अवार्ड फर एक्सलेन्स २०२४' अन्तर्गत बेस्ट बैंक नेपाल र बेस्ट बैंक ईएसजी (वातावरण, सामाजीक र सुशासन) नेपाल विधाबाट सम्मानित भएको छ । विहीबार सिंगापुरमा आयोजित एक समारोहमा युरोमनी म्यागाजिनका प्रतिनिधिले बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकाल र प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मीलाई उक्त अवार्ड हस्तान्तरण गरे ।

सन् १९९२ मा युरो मनी म्यागजिनद्वारा स्थापित यो अवार्ड बैंकिङ क्षेत्रको एक प्रतिष्ठित अवार्ड हो । ग्लोबल आइएमई बैंकले ग्राहकहरूलाई प्रदान गर्दै आएको सेवा, बैंकिङ क्षेत्रमा भित्र्याएको नयाँनयाँ प्रविधि, वातावरणीय, सामाजिक तथा सुशासनका क्षेत्रहरूमा बैंकले गरेको लगानी तथा बैंकको उच्चस्तरीय कार्यसम्पादनका लागि यो अवार्ड प्रदान गरिएको हो ।

युरो मनी म्यागजिन बैंकिङ क्षेत्रको गहकिलो विश्लेषण, सुझाव र समालोचनाका लागि प्रख्यात छ । युरो मनी समूहमा बैंक तथा वित्तीय क्षेत्रका ख्यातिप्राप्त तथा अनुभवी व्यक्तिहरू छन् । यो वर्षको अवार्डसँगै ग्लोबल आइएमई बैंक दोस्रो पटक बेष्ट बैंक नेपाल अवार्डबाट सम्मानित भएको हो । यसअघि पनि ग्लोबल आइएमई बैंकले 'युरो मनी अवार्ड फर एक्सलेन्स २०२२- बेस्ट बैंक नेपाल' प्राप्त गरेको थियो ।

यस अघि पनि ग्लोबल आइएमई बैंक ख्यातिप्राप्त विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूबाट फरकफरक विधामा सम्मानित भएको छ । बैंकले अहिलेसम्म बैंक अफ द इयर २०१४, बेष्ट इन्टरनेट बैंक २०१६, बेष्ट बैंक अवार्ड २०२४ र बेष्ट इम्प्लोयर जस्ता प्रतिष्ठित अवार्डहरू प्राप्त गरिसकेको छ ।

ग्लोबल आइएमई बैंक मुलुकका ७७ जिल्लामा शाखा सञ्जाल भएको निजी क्षेत्रको पहिलो बैंक हो । बैंकका १,१०० भन्दा बढी सेवा केन्द्रहरू, जसमा ३५४ शाखा कार्यालय, ३८४ एटीएम, २५५ शाखारहित बैंकिङ सेवाहरू, ६८ एक्सटेन्सन तथा राजस्व संकलन काउन्टरहरू ३ वटा वैदेशिक प्रतिनिधि कार्यालयहरू रहेका छन् । बैंकले नेपाली नागरिकहरूलाई बैंकिङ सेवाहरू प्रदान गर्नुका अतिरिक्त विश्वका विभिन्न देशहरूबाट रेमिट्यान्स भित्र्याउने सुविधा दिँदै आएको छ । बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अस्ट्रेलिया, मलेशिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, यूएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायत अन्य देशहरूबाट रेमिट्यान्स भित्र्याउने काम गर्दै आएको छ ।

### मुक्तिनाथ विकास बैंक र बुद्ध एयरबीच सम्झौता



**काठमाडौं (प्रस)–** मुक्तिनाथ विकास बैंक र बुद्ध एयरबीच बैंकका कर्मचारी र ग्राहकहरूलाई हवाई टिकट खरिद गर्दा विशेष छुट प्रदान गर्न व्यवसायिक सम्झौता भएको छ । एक कार्यक्रम बीच उक्त सम्झौतामा बैंकको तर्फबाट बैंकका मार्केटिङ्ग विभाग प्रमुख विनय रत्न शाक्य र बुद्ध एयरको तर्फबाट मार्केटिङ्ग सेल्स्का निर्देशक रूपेश जोशीले हस्ताक्षर गरेका थिए । उक्त सम्झौता बमोजिम अगामी दिनमा मुक्तिनाथ विकास बैंकको मोबाईल बैंकिङ्ग तथा भिजा कार्ड प्रयोग गर्ने सबै ग्राहकहरूले बुद्ध एयरको टिकट काउन्टरबाट हवाई टिकट खरिद गर्दा ८ प्रतिशतसम्म छुट पाउने छन् । बुद्ध एयरका मार्केटिङ्ग सेल्स्का निर्देशक रूपेश जोशीले अब केहि दिन भित्रमा बुद्ध एयरको मोबाइल एपबाट समेत सो सुविधा लिन सक्ने व्यवस्था मिलाउने जानकारी दिए ।

साथै, बैंकले नेपालमै टिक्न, सजिलो छ भन्ने नाराको साथ साना व्यापार तथा व्यवसायलाई प्रोत्साहन गर्न मुक्तिनाथ सरल कर्जा योजनाहरू ल्याएको छ ।

## इटालीबाट फर्कियो वाइडबडी विमान लामो गन्तव्यमा उडान भर्ने

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय ध्वजाबाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) को वाइडबडी ए-३३० विमान मर्मतपछि काठमाडौं आइपुगेको छ ।

गत असार ८ मा विमानको विस्तृत परीक्षण विस्तृत परीक्षण (सी-चेक)का लागि इटाली गएको एन एएलवाई कलसाइनको उक्त विमान करिब साढे दुई महिनापछि आज बिहान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेको हो । निगमका प्रवक्ता रमेश पौडेलका अनुसार निगमको ए-३३० (अन्नपूर्ण) विमान बिहीबार बिहान काठमाडौं अवतरण गरेको थियो । योसँगै लामो दूरीका जापानलगायत अन्य अन्तर्राष्ट्रिय उडानमा तीन विमानको उडानमार्फत यात्रुलाई थप सेवा दिने विश्वास छ ।

निगमको अर्को वाइड बडी विमान पनि सी-चेकका लागि इटाली गएको छ । निगमले २२ जुन (असार ८)मा इटलीमा मर्मतका लागि पठाएको थियो । निगमसँग अन्तर्राष्ट्रिय उडानमा रहेका चार एयर बसमध्ये हाल दुई न्यारोबडी मात्रै उडानमा थिए । एक वाइडबडी थपिएपछि अब तीन विमानमार्फत अन्तर्राष्ट्रिय उडान हुने निगमले उल्लेख गरेको छ ।

## नेप्से परिसूचकमा उछाल

**काठमाडौं (प्रस)–** लगातार ओरालो लाग्दै आएको सेयर कारोबार मापक नेप्से परिसूचक बिहीबार भने उच्च अङ्कले वृद्धि भएको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार सेयर कारोबार हुने साताको अन्तिम दिन नेप्से परिसूचक ७८ दशमलव १७ अङ्कले उकालो लागेर दुई हजार छ सय ८८ दशमलव ३८ मा पुगेको हो ।




ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक १३ दशमलव ४० अङ्कले उकालो लागेर चार सय ७८ दशमलव ४८ मा पुगेको छ । कारोबार भएका कूल १३ उपसमूहमध्ये १२ उपसमूहको सेयर मूल्यमा वृद्धि हुँदा एउटा उपसमूहको सेयर मूल्य भने घटेको छ ।

कूल एक करोड ९४ लाख ३३ हजार एक सय ५४ कित्ता सेयर रु आठ अर्ब १६ करोड ९२ लाख ७४ हजार छ सय १२ मूल्यमा कारोबार भएको छ । नेप्सेका अनुसार विन नेपाल लघुवित्त, ग्रीन भेञ्चर्स लिमिटेड, इस्टन हाइड्रोपावर, रावा इनर्जीको सेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । त्यस्तै, एशियन हाइड्रोपावरका लगानीकर्ताले नौ दशमलव ९९ प्रतिशतले कमाएका छन् ।

श्री स्टार हाइड्रोपावरको सेयर मूल्यमा १० प्रतिशतले गिरावट भई नकारात्मक सर्किट लागेको छ । सानिमा लार्ज क्याप फण्ड आठ दशमलव ४९, आरबिबी म्युचुअल फण्ड दोस्रो चार दशमलव शुन्य एक, सनराइज फस्ट म्युचुअल फण्ड तीन दशमलव ७१ र सानिमा ग्रोथ फण्डका लगानीकर्ताले तीन दशमलव ६५ प्रतिशतले गुमाएका छन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः arketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ